# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या: २०७५।७६

च. नं.

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
बेलौरी नगरपालिका,
बेलौरी, कञ्चनपुर ।

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट बेलौरी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरणउपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरुउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.४ करोड ९५ लाख ४२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१ करोड ५ लाख ९७ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८२ लाख ६२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१ करोड ३ लाख ८३ हजार र पेश्की रु.३ लाख रहेको छ ।

२. आम्दानी तथा खर्चको श्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।९।३० मा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियासहितको प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २७ यसैसाथ संलग्न छ ।

**कैफियतसहितको लेखापरीक्षण राय** - कैफियतसहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# बेलौरी नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :–** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्न बेलौरी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लामा रहेको यो नगरपालिकाअन्तर्गत १० वडा र क्षेत्रफल १२३.४ वर्ग किलोमिटर तथा जनसंख्या ५९ हजार ५७३ रहेको छ ।

**स्थानीय सञ्चित कोष :–** आर्थिक वर्ष २०७४।७५ को स्थानीय सञ्चित कोषको आय व्यय हिसावको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि. नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | ६,१६,१७,४९३/६३ | १ | **चालु खर्च** | २१,१४,४४,१७६/- |
| | क) नगद | | २ | **पूँजीगत खर्च** | २४,१२,६८,०६३/- |
| | ख) बैंक | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | - |
| २ | **राजस्व (आन्तरिक आय)** | १,५१,७४,८४५/- | | क) ऋण भुक्तानी | |
| | क) आन्तरिक राजस्व | | | ख) ब्याज भुक्तानी | |
| | ख) राजस्व बाँडफाँड | | | ग) अन्य भुक्तानी | |
| | ग) अन्य आय | | ४ | **लगानी** | - |
| ३ | **वित्तीय हस्तान्तरण** | ३७,८१,४९,०१५/- | | ऋण लगानी | |
| | क) वित्तीय समानीकरण अनुदान | | | शेयर लगानी | |
| | ख) सशर्त अनुदान | | | अन्य लगानी | |
| | ग) समपूरक अनुदान | | ५ | **धरौटी फिर्ता** | १८,१४,६६६/- |
| | घ) विशेष अनुदान | | ६ | **कोष खर्च** | २३,२५,५१८/- |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | - | | | |
| | क) वित्तीय समानीकरण अनुदान | | | | |
| | ख) सशर्त अनुदान | | | | |
| | ग) समपूरक अनुदान | | ७ | **विषयगत कार्यालय खर्च** | - |
| | घ) विशेष अनुदान | | ८ | **मौज्दात** | ६,६०,७७,०११/६३ |
| ५ | **विभिन्न कोषतर्फको आय** | ५५,२१,२६२/- | | क) नगद मौज्दात | |
| ६ | **विषयगत निकायबाट प्राप्त रकम** | ५,८४,०९,५३८/- | | ख) बैंक मौज्दात | |
| ७ | **धरौंटी आय** | ४०,५७,२८१/- | | | |
| | **जम्मा** | ५२,२९,२९,४३४/६३ | | **जम्मा** | ५२,२९,२९,४३४/६३ |

**राजस्वतर्फ :**

| क.सं. | शीर्षक नं. | लगत हसबली समेत | असुली | दाखिला | बाँकी | |
|---|---|---|---|---|---|---|
| | | | | | नगद | लगत |
| १. | १५१२२ | १७,२९,७४०/- | १७,२९,७४०/- | १७,२९,७४०/- | - | - |
| | **जम्मा** | **१७,२९,७४०/-** | **१७,२९,७४०/-** | **१७,२९,७४०/-** | - | - |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **आर्थिक विवरण :–** नगरपालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण तोकिएबमोजिम दोहोरो श्रेस्ता प्रणालीको प्रोदभावी (एक्रुअल) सिद्धान्तमा आधारित लेखा राख्नुपर्ने व्यवस्था छ । सोअनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थितिसमेत मुल्यांकन गर्न सकिने अवस्था रहेको छैन । | |
| २. | **खर्च गर्ने अख्तियारी र कार्यविधि :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ बमोजिम सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिनभित्र वडा सचिवलाई कार्यक्रम र बजेटसहित प्रचलित कानूनबमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । सभाबाट बजेट स्वीकृत भएको सात दिनभित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च | |

गर्ने अख्तियारी प्रदान गरेको देखिएन । तसर्थ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमको व्यवस्थाको पालना हुनुपर्दछ ।

३. **बढी खर्च लेखेको** :– भुक्तानी भएको रकम मात्र बैंक नगदी किताबमा चढाई खर्च लेख्नुपर्नेमा निम्न उपभोक्ता समितिलाई भुक्तानी भएकोभन्दा बढी खर्च लेखेको छ । वित्तीय समानीकरण पूंजीगततर्फ बैंक नगदी किताबमा बढी खर्च देखाएको रकम हिसाब मिलान गर्नुपर्दछ । ५२,३८,०००।००

| सि. नं. | गो.भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | दिएको रकम | बढी खर्च देखाएको रकम |
|---|---|---|---|---|
| १. | ५७९/२०७५/२/२१ | ज्वाला बोटको खेतदेखि खसिराम चौधरीको खेत जाने सडक ग्राभेल कार्य | २,९१,०००/- | २६,१९,०००/- |
| २. | ५७८/२०७५/२/२१ | मान बहादुर बि. क. को घरदेखि चेत बहादुर के. सी. को चोकसम्मको सडक ग्राभेल कार्य | २,९१,०००/- | २६,१९,०००/- |
| | | **जम्मा** | **५,८२,०००/-** | **५२,३८,०००/-** |

४. **कार्यक्रमगत खर्च खाता** :– स्वीकृत वार्षिक कार्यक्रमअनुसार कार्यालयद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दा कार्यक्रमगत खर्च खाता राख्नुपर्नेमा सो राखेको देखिएन । कार्यक्रमगत खाता राख्दा कार्यक्रमको प्रभावकारिता र उपलब्धि मापनसमेत सजिलै यकिन हुने हुँदा उक्त खाता राखी खर्च लेख्नु पर्दछ ।

५. **बजेट पेश गर्ने तथा पारित** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने र आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिमसम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढभित्र नै पारित गर्नुपर्ने व्यवस्था छ। कार्यालयको नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट २०७४।६।४ गते पारित भएको छ। ऐनले तोकेको व्यवस्थाअनुसार नीति, कार्यक्रम, वार्षिक योजना तथा बजेट पारित गर्नु गराउनु पर्दछ ।

६. **बजेट अवण्डा राखेको** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा स्थानीय निकायको परिषद्बाट आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी अवण्डाको रुपमा एकमुष्ट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी १० वटा वडाहरुमा सञ्चालन हुने विभिन्न कार्यक्रमहरुमा एकमुष्ठ रुपमा रु. ८ करोड ३२ लाख २१ हजार बजेट व्यवस्था गरेको छ । परिषद्बाट योजनागत बजेट तयार नगरी पछि बजेट बाँडफाँड गर्दा मागमा आधारित योजनामा खर्च नभई स्वविवेकीय आधारमा योजना छनौट हुने हुँदा परिषद्बाट नियममा तोकिएबमोजिम आयोजनागत बजेट बाँडफाँड गर्नुपर्दछ ।

| सि. नं. | कार्यक्रम वा आयोजना | अवण्डा रकम |
|---|---|---|
| १. | गत आर्थिक वर्षका अधुरा योजनाहरु | ४,५८,२०,८७७/- |
| २. | ह्युमपाईप खरिद | २०,००,०००/- |
| ३. | समपुरक कोष | १,५०,००,०००/- |
| ४. | जगेडा कोष | १,७८,९९,६७०/- |
| ५. | सडक मर्मत सम्भार | २५,००,०००/- |
| | **जम्मा** | **८,३२,२०,५४७/-** |

७. **अनियमित** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा पूँजीगत रकमबाट चालु प्रकृतिका तलब, भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन र चन्दा पुरस्कार दिन नपाइने व्यवस्था छ । पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा परिषदले नियम विपरीत चालु प्रकृतिका कार्यमा रु. ३० लाख ७३ हजार ९ सय बजेट विनियोजन गरी खर्च लेखेकोले नियमसम्मत देखिएन । तसर्थ तोकिएबमोजिम पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा खर्च पूँजीगत खर्च गर्नुपर्दछ । ३०,७३,८७४।००

| सि. नं. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १. | नगरपालिकाको सभा सञ्चालन खर्च | ५,००,०००/- |
| २. | दुर्गा आधारभुत विद्यालयका विद्यार्थीहरुलाई पोशाक खर्च | १,५०,०००/- |
| ३. | चार स्वास्थ्य चौकीमा कार्यरत करारका कर्मचारीहरुको तलव भत्ता खर्च | १२,००,०००/- |

| | | |
|---|---|---|
| ४. | मेलमिलाप केन्द्रका कर्मचारी ईन्द्रा रानाको पारिश्रमिक खर्च | २०,८५५/- |
| ५. | वक्तृत्वकला प्रतियोगिताको खर्च | ३९,०१९/- |
| ६. | महाकाली मा. वि. का विद्यार्थीहरुका लागि छात्रवृति खर्च | १,००,०००/- |
| ७. | माघी मिलन, होली मिलन, दशैं तिहार कार्यक्रम खर्च | ५,००,०००/- |
| ८. | नगरपालिकाको वार्ड नं. ३ मा माघी मिलन, होली मिलन, दशैं तिहार, गौरा कार्यक्रम खर्च | १,५०,०००/- |
| ९. | नगरपालिकाको वार्ड नं. ६ मा माघी मिलन, होली मिलन, दशैं तिहार, गौरा कार्यक्रम खर्च | १,८०,०००/- |
| १०. | नगरपालिका वार्ड नं. ६ को व्यवस्थापन तथा योजना अनुगमन खर्च | ३४,०००/- |
| ११. | नगरपालिकाको वार्ड नं. ९ मा गौरा पर्व, देउडा खर्च | ५०,०००/- |
| १२. | नगरपालिकाको वार्ड नं. ९ मा माघी मिलन, होली मिलन खर्च | ५०,०००/- |
| १३. | नागरिक सचेतना केन्द्रको व्यवस्थापन खर्च | १,००,०००/- |
| | **जम्मा** | **३०,७३,८७४/-** |

८. **योजना तथा कार्यक्रम तर्जुमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको प्राथमिकीकरण तथा योजना छनौटका ७ चरणलाई अनुशरण गरी माग भई आएका योजनामा लगानी गर्नुपर्दछ । २०७४।७५ मा परिषद्बाट योजना तथा आयोजनागत रुपमा बजेट बाँडफाँड नगरी वडा कार्यालयगत निम्नानुसार बजेट बाँडफाँड गरेको छ । कार्यालयले एकीकृत कार्यक्रममा वडाहरुको लागि रु. १० करोड बाँडफाँड गरेको तर वडागत योजना विवरणअनुसार रु. १०,५३,१७,०००।०० बाँडफाँड गरेको छ । यसरी फरक फरक रकम बाँडफाँड गरिनु नियमसम्मत देखिएन । परिषद्बाट नियममा तोकिए वमोजिम योजना तथा आयोजनागत रुपमा बजेट बाँडफाँड गर्नुपर्दछ ।

| सि. नं. | विवरण | बाँडफाँड गरेको रकम |
|---|---|---|
| १ | वडा नं. १ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| २ | वडा नं. २ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| ३ | वडा नं. ३ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,२३,००,०००/- |
| ४ | वडा नं. ४ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,१२,७५,०००/- |
| ५ | वडा नं. ५ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| ६ | वडा नं. ६ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,१६,९२,०००/- |
| ७ | वडा नं. ७ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,५०,०००/- |
| ८ | वडा नं. ८ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| ९ | वडा नं. ९ का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| १० | वडा नं १० का सार्वजनिक निर्माणका योजना तथा कार्यक्रम | १,००,००,०००/- |
| | **जम्मा** | **१०,५३,१७,०००/-** |

९. **योजना खण्डीकरण :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा अवण्डाको रुपमा एकमुष्ट बजेट राख्न नपाइने व्यवस्था छ । कार्यालयले परिषद्बाट २०७४।७५ को लागि स्वीकृत बजेट तथा कार्यक्रममा आयोजनागत बजेट बाँडफाँड नगरी विभिन्न शीर्षकहरुमा एकमुष्टरुपमा बजेट व्यवस्था गरेको देखियो । कार्यालयले परिषद्बाट पारित योजना र बजेटलाई नगर

कार्यपालिकाको निर्णयको आधारमा खण्डीकरण गरी परिषद्ले पारित नगरेका योजनामा खर्च गरेका छन् । एकमुष्ट बजेट राख्ने तथा नगर कार्यपालिकाको पटके निर्णयका आधारमा योजना बाँडफाँड गर्ने प्रबृत्तिको अन्त्य गर्नुपर्दछ ।

१०. **<u>आर्थिक सहायता</u> :–** महालेखा नियन्त्रकको कार्यालयले जारी गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या निर्देशिका, २०७४ मा आर्थिक सहायता दिन नपाउने व्यवस्था भएतापनि वित्तीय समानीकरण अनुदान शीर्षकवाट आर्थिक सहायता दिएको देखिएको छ । विभिन्न व्यक्ति तथा संस्थालाई रु. १ लाख ८३ हजार १ सय आर्थिक सहायता दिएको नियमसम्मत देखिन आएन । तसर्थ तोकिएबमोजिम पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमा मात्र खर्च गर्नुपर्दछ ।

११. **<u>ऐन नियम परिपालना तथा आन्तरिक नियन्त्रण पद्धति</u> :–** सञ्चित कोष वा सरकारी कोषको सञ्चालन, बजेट तर्जुमा निकासा तथा खर्च गर्ने लेखा राख्ने, आन्तरिक नियन्त्रणको व्यवस्था मिलाउने, लेखापरीक्षण बेरुजु फछ्र्यौट तथा असुल तहसिल गर्ने गराउने आदि आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित रुपमा सञ्चालन गर्न गराउन आर्थिक कार्यविधि ऐन  नियमको पूर्णरुपमा परिपालना हुनुपर्दछ । कार्यालयले सोको पूर्ण रुपमा परिपालना गरेको देखिएन । ऐन नियमको परिपालना नगरेको तथा आन्तरिक नियन्त्रण प्रणाली सबल नबनाएका व्यहोराहरु देहाय अनुसार छन्:

११.१ **<u>जोखिम पहिचान</u> :–** कार्यालयले सम्भावित जोखिमहरु पहिचान गरी जोखिम निराकरणका लागि प्रयत्न गरेको अभिलेखबाट देखिएन । जोखिम पहिचान गरी निराकरणका उपायहरु अवलम्बन गर्नुपर्दछ ।

११.२ **<u>नागरिक वडापत्र</u> :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्र कार्यालय परिसरभित्र सबैले देख्ने ठाँउमा राख्नुपर्ने र सूचना अधिकारी तोकी कार्यालयको गतिविधि वेभसाइटमा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्थाहरु पूर्णरुपमा पालना भएको देखिएन ।

११.३ **<u>कार्य विवरण</u> :–** निजामती सेवा ऐन २०४९ को दफा ५क को उपदफा (१) मा व्यवस्था भएअनुसारको कार्यविवरण दिएको पाइएन । ऐनमा व्यवस्था  भएअनुसार कार्य विवरण बनाई लागु गर्नुपर्दछ ।

११.४ **<u>कार्यालयको निरीक्षण</u> :–** सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम ४०(१) मा तालुक कार्यालयले आफु मातहत रहेको कार्यालयहरुको अनुगमन तथा निरीक्षण गरी कार्यालयबाट हुने सेवा प्रवाहमा प्रभावकारिता ल्याउन ल्याउनु पर्दछ ।

११.५ **<u>जिन्सी</u> :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५० वमोजिम कार्यालयमा रहेका जिन्सी मालसामानको लगत खडा गरी वर्षको कम्तीमा एक पटक नियमावलीमा तोकिएको कार्यविधि पूरा गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुरुप भए गरेको पाइएन ।

११.६ **<u>भ्रमण अभिलेख तथा प्रतिवेदन</u>** :– भ्रमण खर्च नियमावली, २०६४ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमण समाप्त भएपछि भ्रमण प्रतिवेदन पेश गर्नुपर्नेमा सोअनुसार गर्ने गरेको पाईएन । तोकिएबमोजिम भ्रमण अभिलेख राख्ने तथा प्रतिवेदन पेश गर्नुपर्दछ ।

११.७ **<u>न्यूनतम दररेट निर्धारण</u>** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै तोकी सक्नुपर्ने प्रावधान छ । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवालाई सहज बनाउन न्यूनतम दररेट निर्धारण गरेको छैन भने जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको पनि पालना गरेको देखिएन । उपरोक्त प्रावधानको पूर्ण पालना गर्नुपर्दछ ।

११.८ **<u>कर भुक्तानीको जानकारी</u> :–** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का संझौता तथा मूल्य अभिवृद्धि कर भुक्तानीको रकम खुलाई सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी दिनुपर्ने व्यवस्था भएकोमा सो अनुरुप जानकारी दिएको पाइएन ।

| | | |
|---|---|---|
| ११.९ | **वार्षिक प्रतिवेदन :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९०(१) बमोजिम प्रत्येक कार्यालयले एक आर्थिक वर्षको अवधिभित्र भएको आफ्नो आर्थिक कारोवारको म. ले. प. फा. नं. २११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नुपर्नेमा सो अनुसार प्रतिवेदन तयार गरेको पाइएन । | |
| ११.१० | **गुणस्तर परीक्षण :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तरबमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्नेमा मोटरसाईकल, ल्यापटपलगायतका सामानको गुणस्तर परीक्षण गराएको पाइएन । | |
| १२. | **श्रोत अनुमान तथा बजेट सीमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा, बजेट सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, बजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानुनी व्यवस्था रहेको छ । समिति गठन भएतापनि ऐनले तोकिदिए अनुसारको कार्य पूर्णरुपले गरेको देखिएन । | |
| १३. | **बजेट तथा कार्यक्रम तर्जुमा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिता, क्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने उल्लेख छ । योजनाको प्राथमिकता तोकी कार्यक्रम तर्जुमा गर्दा अन्य विषयगत कार्यालयहरुसंग समन्वय गरेको देखिएन । | |
| १४. | **स्थानीय तथ्यांक र अभिलेख :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको देखिएन । स्थानीय तहका हरेक क्रियाकलाप सञ्चालनमा तथ्यांकले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| १५. | **लक्ष्य प्रगतिको स्थिति :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरीय तथा केन्द्रीय आयोजनाको उपर्युक्त नियमबमोजिम अनुसूची - २ को ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले सञ्चालन गरेका सबै योजनाहरुको नियमले तोकेअनुसारको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| १६. | **बैंक हिसाब :–** कार्यालयको खाता हिसाब र बैंक हिसाब एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यसवर्षको आम्दानी रु. ५२,२९,२९,४३४।६३ र खर्च रु.४५,६८,५२,४२३।००, बैंक मौज्दात रु. ६,६०,७७,०११।६३ बाँकी रहेको छ । कार्यालयबाट पेश भएको बैंक स्टेटमेण्ट अनुसार रु. ६,६२,४४,२३६।९६ मौज्दात रहेको देखिन्छ । आम्दानी, खर्च, बैंक मौज्दातबीच रु. १,६७,२२५।३३ फरक परेको छ । मौजदात फरक परेको रकम यकिन गरी आम्दानी बाँध्नुपर्दछ । | १,६७,२२५।३३ |
| १७. | **घटी जिम्मेवारी** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिकसँग भएको र लेखांकन गरेको कुरामा विश्वस्त हुनुपर्ने र घटी जिम्मेवारी सार्न नहुने व्यवस्था छ । कार्यालयले आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने उल्लेख भएको रु. ६,१६,१७,४९३।०० मध्ये रु. ६,१४,८२,२९५।६३ मात्र जिम्मेवारी सारेकोले रु. १,३५,१९७।३७ घटी जिम्मेवारी सारेको पाईयो । कार्यालयले उक्त रकम सञ्चित कोष दाखिला गर्नुपर्दछ । | १,३५,१९७।३७ |
| १८. | **जिम्मेवारी नसारेको :–** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको मौज्दात रकम, पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार मौज्दात आम्दानी बाँध्नु पर्ने, पेश्की फछ्र्यौट | |

| | | |
|---|---|---|
| | तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा साविक रामपुर गाउँ विकास समितिको नाममा मौज्दात रहेको रु. १,३०,६३६।०० आम्दानी बाध्नु पर्दछ । | १,३०,६३६।०० |
| १९. | **चौमासिक खर्च** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रमबमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरणअनुसार प्रथम चौमासिकमा १३.२७ प्रतिशत, दोश्रो चौमासिकमा १७.३२ प्रतिशत र तेश्रो चौमासिकमा ६९.४१ प्रतिशत खर्च गरेको देखिएको छ। त्यसैगरि आषाढ महिना ३८.७९ प्रतिशत खर्च देखिनुले तेश्रो चौमासिक र आषाढमा खर्चको चाप बढेको हुँदा सन्तुलित खर्च व्यवस्थापन गर्नुपर्दछ । | |
| २०. | **राजस्व कारोबारको लेखा** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९२(१) मा प्रत्येक कार्यालयले राजस्वको लेखा महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। कार्यालयले राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८ र २३ नराखेको तथा दैनिक राजस्व असुलीको भौंचर उठाएको देखिएन । असुल भएको रकम भोलिपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । आम्दानीको अनिवार्यरूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्दछ । | |
| २१. | **रसिद नियन्त्रण खाता** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको दैनिक आम्दानी किताबमा प्रविष्टी गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। कार्यालयले राजस्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत वर्षको मौज्दात र खर्च जिम्मेवारी सारेको परिमाण देखिने गरी रसिद नियन्त्रण खाता राखेको छैन । रसिद नियन्त्रण खाता नराखेकोले राजस्व असुलीमा प्रयोग भएको रसिदबाट असुल भएको सबै रकम दाखिला भएको छ भन्न सकिने आधार भएन । रसिद नियन्त्रण खाता राखी रसिदको प्रयोगलाई व्यवस्थित बनाउनु पर्दछ । | |
| २२. | **वित्तीय जवाफदेहिता पालना** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ मा अधिकार प्राप्त अधिकारीले सरकारी रकम निकासा दिंदा वा खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको दृष्टिकोणले आम्दानी, खर्च, लेखा र त्यसको जिन्सी, नगद मौज्दात तथा आर्थिक कारोबार सम्बन्धी व्यवस्था र नियम पर्याप्त छन् र तिनीहरुको पालना गरिएको छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने उल्लेख छ । नगरपालिकाले नियमावलीको वित्तीय जवाफदेहिताको पालना गरेको देखिएन । | |
| २३. | **सम्पत्ति स्थानान्तरण** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०४ अनुसार साविक गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका स्थानीय तहमा स्थानान्तरण हुने व्यवस्था छ । नगरपालिकाले यस्ता सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत २०७५ असार मसान्तभित्र तयार गर्नुपर्नेमा यो नगरपालिकाले साविकको गाउँ विकास समिति र विषयगत कार्यालयको चल अचल सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेका छैन । साविकका गाउँ विकास समिति तथा विषयगत कार्यालयमा रहेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु गाउँपालिकामा जिम्मेवारी सारी आम्दानी गरेको पाईएन । यस्ता मालसामानहरुको संरक्षण गर्न प्रकृतिअनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी स्रेस्ता अद्यावधिक गर्नुपर्दछ । | |
| २४. | **सम्पत्ति हस्तान्तरण** :– गाउँपालिका/नगरपालिकाको कार्य क्षेत्रभित्र परेका हाल विषयगत मन्त्रालय वा सरकारी निकायहरुबाट सञ्चालन भई आएका स्थानीयस्तरका कार्यालय, संरचना, चल, अचल सम्पत्ति (कृषि तथा पशु सेवा केन्द्र र उपकेन्द्र, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, आयुर्वेद औषधालय, शिक्षा श्रोत केन्द्र, सामुदायिक सिकाई केन्द्र, सामुदायिक सूचना केन्द्र, सामुदायिक पुस्तकालय, सामुदायिक भवन आदि) स्वतः सम्बन्धित गाउँपालिका/नगरपालिकामा हस्तान्तरण हुने र सोको जानकारी सम्बन्धित जिल्ला समन्वय समिति र मन्त्रालयलाई दिनुपर्ने | |

स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ मा उल्लेख छ। यस नगरँपालिकामा उपरोक्त अनुसारको सम्पत्ति हस्तान्तरण भए नभएको सोको अभिलेख नराखेको हुँदा यकिन गर्न सकिएन। नगरपालिकाबाट यसप्रकारका सम्पत्तिको खोजविन गरी सम्पत्तिको संरक्षण गर्नुपर्दछ।

२५. **बरबुझारथ :–** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साविकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ।

२६. **श्रोत नक्सांकन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधारअर्न्तगत सडक, पुल, खानेपानीलगायतको अभिलेख तथा श्रोत नक्सांकन नगरपालिकले तयार गर्नुपर्नेमा सो तयार गरेको देखिएन। नगरपालिकाले ऐनले तोकेअनुसारको श्रोत नक्सा तयार गर्नुपर्दछ।

२७. **उपभोक्ता समिति :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा उपभोक्ता समितिले खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर जस्ता मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कार्यमा सुधार हुनुपर्दछ।

२८. **कल्याण कोष :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवा शर्त तथा कानूनबमोजिम अवकाश हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधि उपचारलगायतका सुविधा उपलव्ध गराउन अवकाश कोषको स्थापना गर्ने व्यवस्था छ। स्थानीय तहले कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ। नगरसभाको निर्णयानुसार यो आर्थिक वर्षमा एकमुष्ट रु. ५,२१,९४२।०० वित्तीय समानीकरण चालु शीर्षकबाट कर्मचारी कल्याण कोष खातामा दाखिला गरेको छ। आन्तरिक आयबाट खर्च लेखी कर्मचारी कल्याण कोष खातामा रकम जम्मा गर्नुपर्नेमा वित्तीय समानीकरण शीर्षकबाट गरेकोले अनियमित देखिएको छ। ५,२१,९४२।००

२९. **विशेष कोषहरु :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार विशेष कोषहरु स्थापना गर्नुपर्ने र सो कोषहरुमा नगरपालिकाको आन्तरिक आयवाट रकम विनियोजन गरी राख्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले निम्न अनुसारको कोष स्थापना गरी वित्तीय समानीकरण अनुदान रकमवाट खर्च लेखी सो कोषहरुमा जम्मा गरी खर्च गरेको छ। नगरपालिकाको आन्तरिक आयवाट खर्च लेख्नुपर्नेमा वित्तीय समानीकरण अनुदानवाट खर्च लेखेकोले अनियमित देखिएको छ। ४९,९९,३२०।००

| सि. नं. | कोष खाताहरुको नाम | रकम |
|---|---|---|
| १ | विपद व्यवस्थापन कोष | २०,००,०००/- |
| २ | मर्मत सम्भार कोष | १५,००,०००/- |
| ३ | गरिवी निवारण कोष | ४,९९,३२०/- |
| ४ | स्वास्थ्य सामुदायिक कोष | ५,००,०००/- |
| ५ | महिला तथा बालवालिका कोष | ५,००,०००/- |
| | **जम्मा** | ४९,९९,३२०/- |

३०. **लक्षित समूह खर्च :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूंजी निर्माण, सेवा प्रवाहमा गुणस्तरीय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ।

नगरपालिकाले गोष्ठी सभा सम्मेलन जस्ता कार्यक्रममा समेत खर्च गरेको देखिएकोले कार्यविधिको परिपालना भएको देखिएन। यस्ता कार्यमा सुधार हुनुपर्दछ।

३१. **आन्तरिक आय :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा नगरपालिकाले एकीकृत सम्पत्ति कर र घर जग्गा कर, भूमिकर, व्यवसाय कर, सेवा शुल्क, सवारी करलगायतका कर तथा शुल्क असुल गर्न सकिने व्यवस्था गरिएको छ। कार्यालयले यो वर्ष आन्तरिक आय रु. १,३९,५७,७२५।०० असुल गरेको छ। ऐनमा तोकिएका कर तथा शुल्कहरुको अद्यावधिक लगत नराखेकोले असुल भएको रकम र बक्यौता यकिन गर्न सकिएन। कार्यालयले कर तथा शुल्कहरुको लगत अद्यावधिक बनाई असुल उपर गर्नुपर्दछ।

३२. **आन्तरिक आय असुली :–** नगरपालिकाको आर्थिक ऐन, २०७४ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र रहेका कर तथा अन्य शुल्कहरु असुल गर्ने व्यवस्था रहेको छ। नगरपालिकाले देहाय बमोजिमका आय ठेक्कामा सम्झौता बमोजिमको रकम असुल गरेको देखिएन। असुल हुन बाँकी रकम सम्झौताको शर्तअनुसार जरिवानासहित असुल गर्नुपर्दछ। २४,११,६६८।००

| ठेक्का को नाम | सम्झौता अवधि | सम्झौता रकम | आ.व. २०७४।७५ मा दाखिला गर्नुपर्ने | दाखिला भएको | बाँकी |
|---|---|---|---|---|---|
| बन्दाताल ठेक्का | २०७३।४।१ देखि २०७८ आषाढ समान्तसम्म | ६०,००,५०० | २४,००,२०० | - | २४,००,२०० |
| सवारी ठेक्का | २०७४।४।१९ देखि २०७५ आषाढ मसान्त सम्म | ९३,०१८ | ९३,०१८ | ८१,५५० | ११,४६८ |
| | | | | जम्मा | २४,११,६६८ |

३३. **टेण्डर बिक्री :–** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ नियम १४ को उपनियम ३ बमोजिम जिम्मेवार व्यक्तिले कारोवारको लेखा सम्बन्धी कागजात तोकिएको कार्यालयमा वा लेखापरीक्षकसमक्ष तोकिए बमोजिम दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले २०७४।७५ मा टेण्डर बिक्री वापत रु. १२,०६,०००।०० असुली गरेकोमा लेखापरीक्षणको क्रममा टेण्डर बिक्री रजिष्टर पेश भएन। नियमानुसार टेण्डर बिक्री रजिष्टर पेश नभएकोले सोबापतको आम्दानी यकिन गर्न सकिएन। १२,०६,०००।००

३४. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५ मा स्थानीय निकाय, नेपाल सरकार, सार्वजनिक संस्थानहरुले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा कर असुलउपर गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले आय ठेक्का सम्झौता गरेकोमा लाग्ने मूल्य अभिवृद्धि कर असुल गरेको देखिएन। देहायका आय ठेक्कामा मूल्य अभिवृद्धि कर असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ। ८,००,९०७।००

| ठेक्काको नाम | ठेक्का सम्झौता मिति | ठेक्का अवधि | ठेक्का रकम | मु. अ. कर रकम |
|---|---|---|---|---|
| ताल तलैया ठेक्का | २०७३।३।२३ | २०७३।४।१ देखि २०७८ असार मसान्तसम्म | ६०,००,५००।- | ७,८०,०६५/- |
| पुरैनी ताल संरक्षण ठेक्का | २०७०।९।१८ | २०७४।९।१८ देखि २०७५ आषाढ मसान्तसम्म | १,५२,६२८।- | २०,८४२/- |
| | | | जम्मा | ८,००,९०७/- |

३५. **सञ्चित कोष :–** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिकाको स्थानीय सञ्चित कोष खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा खर्च खातामा रहेको सबै बाँकी रकम र अन्य विभिन्न आय रकम सम्वन्धित स्थानीय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको निम्न खर्च खाताहरुको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोमा मिति २०७५।६।१८ मा मात्र सञ्चित कोषमा दाखिला गरेको छ।

| सि. नं. | खाताको विवरण | मौज्दात रकम |
|---|---|---|
| १ | चालु खर्च खाता | १९,०१,५१५/- |
| २ | पूँजीगत खर्च खाता | ४,२५,७७,२७१//०१ |
| | जम्मा | ४,४४,७८,७८६/०१ |

३६. **तलबी प्रतिवेदन :–** निजामती सेवा ऐन, २०४९ को दफा ७ अनुसार कार्यरत स्थायी कर्मचारीहरुको वार्षिक तलबी प्रतिवेदन कोष तथा लेखा नियन्त्रकको कार्यालय, शिक्षकको विद्यालय कितावखाना र स्थानीय तहका कर्मचारीहरुको हकमा आन्तरिक

लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

३७. **<u>पारिश्रमिक तथा भत्ता</u> :–** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐन, २०७५ को दफा ३ मा पदाधिकारी तथा सदस्यहरुले पाउने पारिश्रमिकको व्यवस्था गरिएको छ । मासिक पारिश्रमिकको साथमा सञ्चार सुविधा र कार्यालयको काममा खटिएको अवधिको दैनिक भ्रमण भत्ताबाहेक अन्य कुनै किसिमको भत्ता सुविधा पाउने व्यवस्था छैन । नगरपालिकाले पदाधिकारी तथा सदस्यहरुलाई २०७४ श्रावणदेखि नै बैठक भत्ता दिदै आएको र सुविधासम्बन्धी ऐन २०७५।३।३ मा प्रमाणीकरण भएपछि त्यसमा तोकिएबमोजिमको पारिश्रमिक रु. ६७,३२,०००।०० भुक्तानी गर्दा पहिले भुक्तानी भएको बैठक भत्ता रु. ३३,४०,००।०० कट्टा गरेको देखिएन । ऐनमा व्यवस्था नभएको बैठक भत्ता असुल गर्नुपर्दछ । ३३,४०,०००।००

३८. **<u>अनुगमन भत्ता</u> :–** नगरपालिकाका पदाधिकारी तथा नगरपालिकामा कार्यरत कर्मचारीले भ्रमण खर्च नियमावली, २०६४ मा तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्चबाहेक नगरपालिकाको क्षेत्रभित्रका योजनाहरुको अनुगमन गर्दा भत्ता सुविधा पाउने कुनै व्यवस्था छैन । नगरपालिकाका प्रमुख, उप प्रमुख, वडा अध्यक्ष, कार्यपालिकका सदस्य, वडा सदस्य तथा कर्मचारीहरुलाई योजना अनुगमन गरेको दैनिक रु. १,०००।०० को दरले भत्ता भुक्तानी गरेको पाइयो । यसप्रकारको नपाउने सुविधामा भएको खर्च कार्यालयले नै छानबिन गरी असुल गर्नुपर्दछ ।

३९. **<u>विद्युतीय लेखा</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोबारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले निःशुल्करुपमा उपलव्ध गराई सबै नगरपालिकाहरुले क्गद लवतष्यलर्बा त्चभबकगचथ चभनगबितयचथ द्वउउष्बितष्यल ९क्गत्द्ध० प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त सफ्टवेयर प्रयोग गरी लेखा राखेको देखिएन ।

४०. **<u>सार्वजनिक परीक्षण</u> :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थलगत अनुगमन नगरी उपभोक्ता समितिबाट पेश गरेको सार्वजनिक परीक्षण प्रतिवेदन संलग्न गरी भुक्तानी गरेको छ । सो प्रतिवेदनमा खुलाउनु पर्ने सबै कुराहरु खुलाएको देखिएन । योजनाको निर्माण कार्य सम्झौताअनुसार समयमा भए नभएको, गुणस्तरयुक्त भए नभएको, निर्माण कार्य सन्तोषजनक भए नभएको सम्बन्धमा लाभग्राही समुहको धारणा खुलाएको देखिएन । निर्माण सामग्री खरिद, उपभोक्ता समितिले तिर्नु बुझाउनु पर्ने रकम र बैक मौज्दात जस्ता कुराहरु नखुलाई उपस्थितको हाजिर र एकमुष्ट आम्दानी खर्चको रकममात्र उल्लेख गरी सार्वजनिक परीक्षण प्रतिवेदन तयार गर्दा सम्झौता अनुसारको कार्य गुणस्तरीय र पारदर्शी भएको छ भन्न सकिने अवस्था देखिदैन । सञ्चालित विभिन्न योजनाको नियमअनुसार सार्वजनिक परीक्षण र सुनवाईको व्यवस्था हुनुपर्दछ ।

४१. **<u>उपभोक्ता समितिको श्रेस्ता अनुगमन</u> :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ५ मा वित्तीय सुशासन जोखिम न्यूनीकरण सम्बन्धी व्यवस्था गरेको छ । उक्त बुंदामा अन्य कुराहरुको अतिरिक्त उपभोक्ता समितिबाट सञ्चालित कार्यक्रमको लेखा दुरुस्त राख्ने दायित्व सम्बन्धित उपभोक्ता समितिका प्रमुख, कोषाध्यक्ष र सदस्य सचिवको हुने, लेखा दुरुस्त नराखेको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने एवं भए गरेको कामलाई नगरेको तथा नगरेको कामलाई गरेको सिफारिस गर्ने, नापजांच प्राविधिक सुपरीवेक्षण गर्ने र अन्तिम मूल्यांकन गर्ने कर्मचारीलाई प्रचलित कानून बमोजिम कारबाही हुने व्यवस्था छ । कार्यालयले उपभोक्ता समितिले राखेको लेखाको सम्वन्धमा अनुगमन गरेको देखिएन । उपभोक्ता समितिमार्फत् भुक्तानी गर्दा आयकर ऐन, २०५८ बमोजिम श्रोतमा अग्रिम आयकर कट्टी गर्नुपर्ने,  स्थायी लेखा नम्बर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र भएकासंग खरिद गर्नुपर्ने व्यवस्थाको पालना भएको छैन । उपभोक्ता समितिबाट खरिद गरिएका विभिन्न जिन्सी, निर्माण सामग्री र हेभी मेशिनको भुक्तानीमा अग्रिम आयकर कट्टी गरेकोसमेत देखिएन । उपभोक्ता समितिले लेखा नराख्ने, कार्यालयबाट अनुगमन नहुने अवस्थामा आयकर ऐन, २०५८ अनुसार लाग्ने आयकर तथा भुक्तानीमा असुली

गरिने कर रकम निर्माण व्यवसायी तथा आपूर्तिकर्ताबाट छली हुन सक्ने भएकोले कार्यालयबाट अनुगमन गर्नुपर्दछ ।

४२. **योजना र कार्यान्वयन** :– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकता तोक्नुपर्ने र योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले योजना बनाउँदा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन ।

४३. **खरिद गुरु योजना** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ उपनियम (१) मा सार्वजनिक निकायले एक वर्ष भन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाका लागि खरिद गर्दा वा वार्षिक रु. दश करोडभन्दा बढी रकमको खरिद गर्दा सोही नियमको उपनियम (१) मा उल्लेखित कुरा खुलाई खरिद गुरुयोजना तयार गरी सम्बन्धित मन्त्रालयको सचिवबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । कार्यालयबाट सञ्चालित अधिकांश योजनाहरुको निर्माण अवधि एक वर्षभन्दा बढी रहेकोमा नियमावलीको उपर्युक्त प्रावधानअनुसार खरिद गुरुयोजना तयार गरी स्वीकृत भएको देखिएन । बहुवर्षिय ठेक्काहरुको व्यवस्थापन गर्दा खरिद गुरु योजना स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ ।

४४. **वार्षिक खरिद योजना** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ मा सार्वजनिक निकायले वार्षिक रु. दश लाखभन्दा बढी रकमको खरिद, निर्माण तथा परामर्श सेवा प्राप्त गर्नुपर्ने भएमा आगामी वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गरिने वार्षिक खरिद योजना तयार गर्नुपर्ने र त्यसरी खरिद योजना तयार गर्दा नियम ७ बमोजिमको खरिद गुरु योजना समेत तयार भएको भएमा सो योजनाको समेत आधार लिनुपर्ने र सार्वजनिक निकायको प्रमुखले चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट प्राप्त भएपछि सो अनुरुप यो नियमबमोजिम तयार भएको वार्षिक खरिद योजना परिमार्जन गरी स्वीकृत गर्नुपर्ने र नियम ८(६) अनुसार तालुक कार्यालयले खरिद कारबाही निर्धारित समयमा सम्पन्न भए नभएको अनुगमन गर्नुपर्ने व्यवस्था रहेकोमा नियममा उल्लेख भएअनुसार कार्यालयले यो वर्ष पूँजीगत खर्च रु. २४,१२,६८,०६३।०० गरेको र उक्त कार्यको तालुक कार्यालयबाट अनुगमन गरेको पनि देखिएन । उपरोक्त व्यवस्था पालना नगर्नाले खरिद कार्यमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र पारदर्शीताको पक्ष सबल हुन नसक्ने देखिन्छ ।

४५. **डि. एल. पी. अभिलेख** :– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भइ त्रुटि सच्याउने दायित्व (डि. एल. पी.) अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ, डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने, निर्माण भएबमोजिमको नक्सा र कार्य सम्पन्न प्रतिवेदन सम्बन्धित सार्वजनिक निकायले बोलपत्र स्वीकृत गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र सार्वजनिक निकायको प्रमुख र बोलपत्र स्वीकृत गर्ने अधिकारी एउटै व्यक्ति भएमा निजभन्दा एक तह माथिको अधिकारी समक्ष पेश गर्नुपर्ने उल्लेख छ । नियममा भएको उक्त प्रावधानको प्रभावकारीरुपले कार्यान्वियन गर्न र गुणस्तरीय निर्माण कार्यमा सघाउन पुऱ्याउनको लागि ठेक्काको अभिलेख राखी नियममा उल्लेख भए अनुसार प्राविधिक कर्मचारीबाट जाँचबुझ गराउनुपर्नेमा डि. एल. पी. मा रहेका ठेक्काको अभिलेख नै राखेको देखिएन । यो आर्थिक वर्षमा गत विगतबाट जिम्मेवारी सरेकोसमेत १६ ठेक्काको रु. ३ करोड १० लाख ४४ हजारको निर्माण कार्य सम्पन्न भएको देखिन्छ । नियमअनुसारको कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

४६. **योजना छनौट** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा नं. ११(२)मा आर्थिक, सामाजिक एवम् भौतिक पूर्वाधार विकास अन्तर्गत विनियोजन भएको रकमबाट नगरपालिकाले लाखभन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न नसक्ने व्यवस्था गरेको छ । कार्यविधिको पालना गरी योजना

छनौट तथा कार्यान्वयन गर्नुपर्दछ । कार्यविधिको पालना नगरी योजना छनौट तथा कार्यान्वयन गरेका केही उदाहरणहरु निम्न अनुसार छन ।

| सि. नं. | योजनाको नाम | विनियोजित रकम |
|---|---|---|
| १. | उभियाफाँटा कालिका मन्दिर र राधाकृष्ण मन्दिरको अगाडी गेट निर्माण | २०,०००/- |
| २. | फटिया कालिका मन्दिर मर्मत | २०,०००/- |
| ३. | गोकुलपुर बम्मण चौधरीको घरदेखि लौटन चौधरीको घरसम्मको बाटो ग्राभेल | १,७५,०००/- |
| ४. | कटानमा विद्युत तार विस्तार | ५०,०००/- |
| ५. | सार्वजनिक बैठक घर निर्माण | २०,०००/- |
| ६. | गोकुलपुर हाट बजार पक्कि घेरावार र गेट निर्माण | ५०,०००/- |
| ७. | सियोन शान्ति चर्च भवन तथा शौचालय निर्माण | ५०,०००/- |
| ८. | शान्तिपुर शिव मन्दिर देखि पूर्व नयाँ रिछाह जोडने सडक ग्राभेल | १,००,०००/- |
| ९. | शान्तिपुर राना टोलमा भुईयाँ मन्दिर निर्माण | ५०,०००/- |
| १०. | रिछहा चर्च निर्माण | ५०,०००/- |
| ११. | हातीबोभ्का चर्च निर्माण | ५०,०००/- |
| १२. | भिम ब. चौधरीको घरदेखि पश्चिम गोरे हमालको घरसम्मको सडक निर्माण | ७५,०००/- |
| १३. | बोट गाँउको भुईयाँ मन्दिर निर्माण | ५०,०००/- |

४७. **<u>यातायात गुरु योजना</u> :–** स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा २८(५) मा स्थानीय निकायले आफ्नो क्षेत्रभित्र स्थानीय निकायलगायत अन्य निकायबाट निर्माण भएका सम्पूर्ण सडकहरुको नक्साङ्कन एवम् अद्यावधिक विवरण (रोड ईन्भेन्ट्री) तयार गरी राख्नुपर्ने र सडक निर्माण गर्दा यातायात गुरु योजनालाई आधार मानी आयोजना छनौट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यातायात गुरुयोजना तयार गरेको देखिएन भने यातायात गुरु योजना बिना नै यस वर्ष सञ्चालन गरेका योजनाहरुमध्ये ९५ प्रतिशत योजनाहरु सडक निर्माण तथा योजना सञ्चालन गरेको छ । यातायात गुरु योजना तयार गरी गुरुयोजनामा परेका सडकलाई प्राथमिकता दिई सडक योजना निर्माण तथा सञ्चालन गर्न ध्यान दिनुपर्दछ ।

४८. **<u>न्याय सम्पादन</u>** :– कार्यालयबाट प्राप्त विवरणअनुसार मुद्दा दर्ता, फछ्र्यौट, बाँकी रहेको विवरण निम्नअनुसार रहेको छ ।

| सि. नं. | उजुरीको विवरण | जम्मा दर्ता उजुरी | टुङ्गो लागेका उजुरी | माथिल्लो निकायमा पठाएको | बाँकी उजुरी |
|---|---|---|---|---|---|
| १ | घरेलु हिंसा | ११ | ७ | - | ४ |
| २ | जग्गा विवाद | २७ | ५ | १ | २१ |
| ३ | अंश सम्वन्धी | २ | १ | - | १ |
| ४ | बाटो विवाद | ५ | १ | - | ४ |
| ५ | लेनदेन सम्वन्धी | ४ | १ | - | ३ |
| ६ | भवन विवाद | १ | - | - | १ |
| ७ | अन्य फुटकर सम्वन्धी | ३ | १ | - | २ |
| | **जम्मा** | **५३** | **१६** | **१** | **३६** |

४९. **<u>ठेक्का व्यवस्थापन</u> :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को उपनियम (३) मा कार्यक्रम सुचारुरुपले कार्यान्वयन गराउन र निर्धारित समयभित्र कार्य सम्पन्न गर्न अन्य निकायसंग लिनुपर्ने सहयोग र स्वीकृतिबारे पत्राचार र छलफल गर्ने कार्य तथा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्यसमेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नु पर्ने व्यवस्था छ । यो वर्ष कार्यान्वयन भएका २३ विभिन्न निर्माण कार्यका ठेक्कामध्ये प्रथम चौमासिकमा र दोश्रो चौमासिकमा नभएको, तेश्रो चौमासिकमा २३ वटै र सोमध्ये २ वटा सम्झौता असार महिनामा भएको देखिन्छ ।

| क. सं. | कार्यक्रम को नाम | ठेक्का सम्झौता (रु. हजारमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | | प्रथम चौमासिक | | दोश्रो चौमासिक | | तेश्रो चौमासिक | | आषाढ महिनाको मात्र | | यस बर्ष सम्पन्न | |
| | | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | विभिन्न निर्माण कार्य | २३ | ४४६९७ | - | - | - | - | २३ | ४४६९७ | २ | ३१७२ | १६ | ३३५८५ |
| | **जम्मा** | **२३** | **४४६९७** | - | - | - | - | **२३** | **४४६९७** | **२** | **३१७२** | **१६** | **३३५८५** |

ढिला गरी सम्झौता भएको कारण उपरोक्त अनुसारका योजनाहरु समयमा सम्पन्न हुन नसक्नाले लक्षित समुह सुविधा पाउने अवसरबाट बञ्चित हुनुपर्नेस्थिति रहन्छ । अत: समयमानै ठेक्का सम्झौता गर्ने र योजना सम्पन्न गर्ने व्यवस्था मिलाउनुपर्ने देखिन्छ ।

५०. **कागजात पेश नभएको :–** कार्यालयले यो वर्ष बोलपत्र तथा सिलबन्दी दरभाउपत्रबाट निर्माण कार्यमा रु.४,४६,९७,२६५।०० सम्झौता गरी खर्च गरेको छ । निर्माण कार्य शुरुगर्नु अघि लागत अनुमानको स्वीकृति, बोलपत्रसम्बन्धी कागजातको तयारी, बोलपत्र र दरभाउपत्रको मूल्यांकन गरी सारभूतरुपमा प्रभावग्राही देखिएको निर्माण व्यवसायीसँग सम्झौता गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणमा लागत अनुमानको स्वीकृति, सिलबन्दी तथा बोलपत्र दाखिलासम्बन्धी कागजात पेश नभएकोले खरिद प्रक्रियाको विश्लेषण गर्न सकिएन ।

५१. **ठेक्कापट्टा ढिलो शुरु गरेको :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा वार्षिक बजेट कार्यक्रम र कार्यान्वयन तालिका बनाउदा लागत अनुमान बनाउने, बोलपत्र आव्हान गरी स्वीकृत गर्ने, स्थानीय निकाय वा उपभोक्ता समितिको सहयोग जुटाउने र सामग्री उपलब्ध र ढुवानी गराई कार्यान्वयन गर्ने विषयलाई ध्यान दिई कार्यक्रम सुचारुरुपले गराउन र निर्धारित समयभित्र काम सम्पन्न गर्न आगत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिभित्र गरिसक्नु पर्ने व्यवस्था छ । यो वर्ष निर्माण कार्यसँग सम्बन्धित २३ सम्झौता तेस्रो चौमासिकमा गरेकोले ७ योजना अधुरो रहेको छ। नियमले तोकेको अवधिभित्र लागत अनुमान स्वीकृत गर्ने तथा ठेक्कापट्टाको काम गर्नुपर्दछ ।

५२. **प्रतिस्पर्धा नभएको :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजनाअनुसार वीस लाख रुपैयाँसम्म लागत अनुमान भएको निर्माण ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने र ३ भन्दा कम दरभाउपत्र परेमा पुनः सिलबन्दी दरभाउपत्रको गर्नुपर्ने व्यवस्था छ । पेश भएका तीनवटै दरभाउपत्र मूल्यांकनयोग्य भएको अवस्थामा मात्र ती दरभाउपत्रको मूल्यांकन गरी घटी कबोल गर्नेसँग सम्झौता गर्नुपर्दछ । कार्यालयले सिलबन्दी दरभाउपत्रको सूचना प्रकाशन गर्दा लागत अनुमानको अंक खुलाउन नहुनेमा खुलाएको र निर्माण व्यवसायीहरुले मिलेमतो गरी ३ वटा मात्र दरभाउपत्र पेश भएको र पेश भएकोमध्ये २ वटाले बिडबण्ड नराखी पेश गर्ने तथा दरभाउपत्रका शर्तहरु पूरा नगर्नेलाई मूल्यांकनमा नराखी एकमात्र दरभाउपत्रको मूल्यांकन गरी सम्झौता गरेको देखियो । निर्माण व्यवसायीहरुले मिलेमतो गरी दरभाउपत्रमा प्रतिस्पपर्धा नभएको अवस्थामा कार्यालयले छानबिन नगरी देहायको खरिद सम्झौता नियमसम्मत देएिन ।

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान | सम्झौता रकम | लागत अुमानको तुलनामा घटी प्रतिशत | निर्माण व्यवसायीको नाम |
|---|---|---|---|---|---|
| ००५/०७४/७५ | प्रि फ्याब भवन निर्माण | १९४२९८३/४२ | १९३४३७४/६८ | ०.४४ | पुजारा क्रियटिभ्स कन्स्ट्रक्सन |
| ००६/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | १९४२३१२/१४ | १९४२०८४/९२ | ०.०१ | पुजारा क्रियटिभ्स कन्स्ट्रक्सन |
| ००७/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | १८६५७४१/६९ | १८६२१०५/९१ | ०.१९ | सुरज कन्स्ट्रक्सन कन्स्ट्रक्सन |
| ००८/०७४/७५ | ड्रेन निर्माण | ९८०२५९/४६ | ९६८६४७/८४ | १.१८ | सुरज कन्स्ट्रक्सन |
| ००९/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | १९४३९४३/६६ | १९४२९१८/३१ | ०.०५ | हिल्स निर्माण सेवा |
| ०१०/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | ९८३२९१/८३ | ९८०६४७/८४ | ०.२६ | जै त्रिपुरा निर्माण सेवा |
| ०११/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | १३५८०००/- | १३५६५४२/३८ | ०.१० | आरब कन्स्ट्रक्सन |
| ०१२/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | ६७९०००/- | ६७६७९५/३७ | ०.३२ | कुँवर बिल्डर्स |
| ०१३/०७४/७५ | सडक कालोपत्रे | ९३३१७१/९१ | ९३२१९०/५८ | ०.१० | गणेश निर्माण सेवा |
| ०१४/०७४/७५ | सडक कालोपत्रे | ९३३३१४/७१ | ९३१६५९/५८ | ०.१७ | गणेश निर्माण सेवा |
| ०१५/०७४/७५ | सडक कालोपत्रे | १६९४९८३/८८ | १६९२८८६/३४ | ०.१२ | गणेश निर्माण सेवा |
| ०१६/०७४/७५ | सडक ग्राभेल (कम्प्याक्सन सहित) | १९६९४२०/२६ | १९४१०२१/२६ | १.४४ | थोमस कन्स्ट्रक्सन |
| ०१७/०७४/७५ | सडक ग्राभेल (कम्प्याक्सन सहित) | १९४८११२/१२ | १९४७६७६/४८ | ०.०२ | लटीनाथ निर्माण सेवा |
| ०१८/०७४/७५ | सडक ग्राभेल (कम्प्याक्सन सहित) | १९४७५५५/- | १९४२४१३/५० | ०.२६ | मोहन कन्स्ट्रक्सन |
| ०१९/०७४/७५ | सडक ग्राभेल (कम्प्याक्सन सहित) | १९४७६३७/२७ | १९४५१३६/८० | ०.१२ | लटीनाथ निर्माण सेवा |
| ०२०/०७४/७५ | सडक ग्राभेल (कम्प्याक्सन सहित) | १९४६९९०/- | १९४५६०२/७१ | ०.०७ | जै त्रिपुरा निर्माण सेवा |
| ०२१/०७४/७५ | सडक ग्राभेल (कम्प्याक्सन सहित) | १९४५३६०/- | १९४४४०१/५२ | ०.०४ | जै त्रिपुरा निर्माण सेवा |
| ०२२/०७४/७५ | ह्युम पाइप खरिद | १९३७२०७/५३ | १९३६८९३/४५ | ०.०१ | रामदूत कंक्रिट |
| ०२३/७४/७५ | विद्युत पोल खरिद | १२६५०६३/२५ | १२३५०६१/७५ | ० | कैलाली कंक्रिट |

५३. **योग्यता नपुगेको निर्माण सम्झौता :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १९ मा सार्वजनिक निकायले कुनै खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिबद्धि करमा दर्ता प्रमाणपत्र प्राप्त गरेका फर्म, व्यक्ति वा संस्थाबाट मात्र गर्न सकिने उल्लेख छ । सिलबन्दी दरभाउपत्र पेश गर्दा मूल्य अभिबद्धि करमा दर्ता भएको हुनु पर्दछ भने दर्ता नभएका निर्माण व्यवसायीले पेश गरेको दरभाउपत्रलाई प्रारम्भिक मूल्यांकनबाटै हटाउनु पर्ने हुन्छ । कार्यालयले खरिद सम्झौता गरेको निम्न ठेक्का नम्बरमा निर्माण व्यवसायी जै त्रिपुरा निर्माण सेवा (६०७९३७२७३) को सिलबन्दी दरभाउपत्रलाई मूल्यांकनमा समावेश गरी सारभूतरुपमा प्रभावग्राही भएको निर्णय गरी मिति २०७५।२।२१ मा खरिद सम्झौता गरेकोगरेको देखियो । तर निर्माण

व्यवसायी मिति २०७५।२।३१ मा मात्र आन्तरिक कार्यालयमा मूल्य अभिबृद्धि करमा दर्ता भएको देखिएकोले खरिद कार्य कानुनसम्मत नदेखिएको हुँदा सम्बन्धित दरभाउपत्र मूल्यांकनमा संलग्न कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ। ४८७०६५२।०७

| ठेक्का नम्बर | सम्झौता रकम | कैफियत |
|---|---|---|
| ०१०/०७४/७५ | ९८०६४७/८४ | काम सम्पन्न भएको |
| ०२०/०७४/७५ | १९४५६०२/७१ | काम अधुरो रहेको |
| ०२१/०७४/७५ | १९४४४०१/५२ | काम सम्पन्न नभएको |

५४. **<u>बीमा रकम भुक्तानी</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा भएकोमा बाहेक दस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्य, कामदारको दुर्घटना र तेस्रो पक्ष बीमा गराउनु पर्ने र बीमाको अवधि काम सुरु भएदेखि त्रुटि सच्याउने अवधिसम्मको हुनुपर्ने प्रावधान छ। निर्माण कार्यको खरिद सम्झौतामा बीमाको व्यवस्था रहेकोमा पनि धेरै जसो निर्माण निर्माण व्यवसायीले बीमा नै नगराएको र गराएकाले पनि तोकिएको अवधिसम्म नगराएको अवस्थामा पनि सम्झौताअनुसारको रकम भुक्तानी भएको छ। सम्झौताको अवधिसम्म कभर हुने गरी बीमा नगराउने निर्माण व्यवसायीलाई सम्झौतामा उल्लेखित रकम भुक्तानी गरेकोले निम्न ठेक्का नम्बरका निर्माण व्यवसायीसँग असुल गर्नुपर्दछ। ४५२००।००

| ठेक्का नम्बर | निर्माण व्यवसायीको | हुनपर्ने बीमा अवधि | बीमा गरेको अवधि | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ०११/०७४/७५ | आरब कन्स्ट्रक्सन | २०७६/४/२६ | २०७५/४/२६ | ११३००/- |
| ००७/०७४/७४ | सुरज कन्स्ट्रक्सन | २०७६/४/२५ | २०७५/३/२३ | ३३९००/- |

५५. **<u>एज बिल्ट ड्इङ</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद समझौताबमोजिम निर्माण कार्य सम्पन्न भएको तीसभित्र निर्माण व्यवसायीले निर्माण भएबमोजिमको (एज बिल्ट) नक्सा सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको र खरिद सम्झौताको SCC मा पनि एज बिल्ट ड्रइङ पेश गर्न नसकेमा रु.बीस हजार भुक्तानी रोक्का गरिने सर्त उल्लेख छ। निर्माण सम्पन्न भएका देहायका ठेक्का नम्बरका निर्माण व्यवसायीलाई अन्तिम बिल भुक्तानी गर्दा एज बिल्ट ड्रइङ पेश नगरेकोमा पनि रकम रोक्का नगरेकोले सोबापको रकम असुल गर्नुपर्दछ। २८००००।००

| ठेक्का नम्बर | कामको विवरण | निर्माण व्यवसायी | कार्य सम्पन्न रकम | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ००१/७४/७५ | सडक कालोपत्रे | भागेश्वर कन्स्ट्रक्सन | ३५००३०५/४० | २००००/- |
| ००५/७४/७५ | प्रि फ्याब भवन निर्माण | पुजारा क्रियटिभ्स कन्स्ट्रक्सन | १९०१४५१/- | २००००/- |
| ००६/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | पुजारा क्रियटिभ्स कन्स्ट्रक्सन | १९४२०८४/- | २००००/- |
| ००७/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | सुरज कन्स्ट्रक्सन | १८४५५६४/५४ | २००००/- |
| ००८/०७४/७५ | ड्रेन निर्माण | सुरज कन्स्ट्रक्सन | ९५९३०२/०३ | २००००/- |
| ०१०/०७४/७५ | कल्भर्ट निर्माण | जै त्रिपुरा निर्माण सेवा | ९७४६७०/- | २००००/- |
| ०११/०७४/७५ | कल्भर्ट निर्माण | आरब कन्स्ट्रक्सन | १३५४०९५/- | २००००/- |
| ०१२/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | कुँवर बिल्डर्स | ६७४१३१/०२ | २००००/- |
| ०१३/०७४/७५ | सडक कालोपत्रे | गणेश निर्माण सेवा | ९३२१९०/- | २००००/- |
| ०१४/०७४/७५ | सडक कालोपत्रे | गणेश निर्माण सेवा | ९३१६५९/- | २००००/- |
| ०१५/०७४/७५ | सडक कालोपत्रे | गणेश निर्माण सेवा | १६९१०७६/- | २००००/- |
| ०१६/०७४/७५ | सडक ग्राभेल कम्प्याक्सनसमेत | थोमस कन्स्ट्रक्सन | १९३५७१६/- | २००००/- |
| ०१७/०७४/७५ | सडक ग्राभेल कम्प्याक्सनसमेत | हिल्स निर्माण सेवा | १९१७८५४/- | २००००/- |
| ०१८/०७४/७५ | सडक ग्राभेल कम्प्याक्सनसमेत | मोहन कन्स्ट्रक्सन | १९३४१९६/- | २००००/- |
| | | | **जम्मा** | **२८००००/-** |

५६. **<u>मूल्य अभिबृद्धि कर</u> :–** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५ मा दर्ता नभएको व्यक्तिले कर असुल गरेको देखिने कुनै बीजक वा कागजात जारी गर्न र कर उठाउन नहुने र कुनै व्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुलउपर गरिने व्यवस्था छ भने दर्ता नभएको व्यक्तिले दर्ता भएको व्यक्ति सरह व्यवहार गरेमा बिगोको शतप्रतिशत रकम जरिवाना वा छ वर्ष कैद वा दुबै हुन सक्ने उल्लेख छ। देहायका निर्माण व्यवसायीहरु मूल्य अभिबद्धि करमा दर्ता नभएको र दर्ता अगावै बीजक जारी गरी कर असुल गरेकोले निम्नअनुसार असुल गर्नुपर्ने देखिएको छ। २५५३४५।९०

| गो. भौ. नं./मिति | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम | मु.अ.कर | जरिवाना | नपुग आयकर | जम्मा असुल गर्नुपर्ने |
|---|---|---|---|---|---|---|
| ६७०/०७५/२/३० | जै त्रिपुरा निर्माण सेवा (६०७९३७२७३) | ३७८४०४/- | ४३५३३/- | ४३५३३/- | ० | ८७०६६/- |
| ९९९/०७५/३/३१ | उदयदेउ निर्माण सेवा (३००७५९८९३) | ४८१२६६/- | ५५३६३/५५ | ५५३६३/५५ | ५७५५२/८० | १६८२७९/९० |

५७. **<u>गुणस्तर परीक्षण</u> :–** सडक कालोपत्रे गर्दा प्रयोग हुने सब बेश, बिटुमिन जस्ता निर्माण सामग्रीको अनिवार्य रुपमा गुणस्तर परीक्षण गराउनु पर्ने प्रावधान छ । कार्यालयले सडक कालोपत्रे गरेबापत यो वर्ष निम्न निर्माण व्यवसायीहरुलाई भुक्तानी गर्दा गुणस्तर परीक्षण गराएको देखिएन । सम्झौतामा अनिवार्य रुपमा गुणस्तर परीक्षण गराउनुपर्ने प्रावधान राखे तापनि जिल्ला प्राविधिक कार्यालयको ल्याबमा सब बेशको मात्र परीक्षण गराएकोले निर्माण कार्य गुणस्तरीय भए नभएको यकिन गर्ने आधार भएन । गुणस्तर यकिन गरेर मात्र योजना फरफारक गर्नुपर्दछ ।

| ठेक्का नम्बर | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|
| ००१/७४/७५ | भागेश्वर कन्स्ट्रक्सन | ३५००३०५/४० |
| ००२/०७४/७५ | लटिनाथ निर्माण सेवा | २९६७४८९/५५ |
| ००३/०७४/७५ | सुरज कन्स्ट्रक्सन | २१४५१७५/०५ |
| ००४/०७४/७५ | दाउत निर्माण सेवा | २९२१४०५/५३ |
| ०१३/०७४/७५ | गणेश निर्माण सेवा | ९३२१९०/- |
| ०१४/०७४/७५ | गणेश निर्माण सेवा | ९३१६५९/- |
| ०१५/०७४/७५ | गणेश निर्माण सेवा | १६९१०७६/- |

५८. **<u>परामर्श सेवा</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त र सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालू वा अघिल्ला वर्षहरुमा सोही प्रकृतिको खरिदमा लागेको वास्तविक खर्चलाई आधार लिनुपर्ने व्यवस्था छ । देहायको विषयमा परामर्श सेवा खरिद गर्दा लागत अनुमान नै तयार नगरी परामर्श सेवा खरिद गरेको र परामर्शदाताले पेश गरेको आर्थिक तथा प्राविधिक प्रस्ताव सम्बन्धी कागजात लेखापरीक्षणमा पेश भएन । नगरपालिकाले विनियोजन गरेको रकमलाई लागत अनुमान मानी आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी खरिद गरेको कार्य मितव्ययी र प्रतिस्पर्धी मान्न सकिएन । सम्झौता पश्चात फिल्डमा खटेर काम गरी प्रतिवेदन तयार गर्नुपर्नेमा सोअनुसार भएको पाइएन । तसर्थ खरिद कार्य मितव्ययी, प्रतिस्पर्धी र गुणस्तरीय मान्न सक्ने आधार देखिएन । ३६९६२२०।००

| सि. नं. | कामको विवरण | परामर्शदाताको नाम | सम्झौता रकम |
|---|---|---|---|
| १ | खानेपानी व्यवस्थापन तथा ढल निकासको डिपिआर तयार | अभियन्त्र कन्सल्ट प्रा.लि. | १४९८३८०/- |
| २ | रिङ रोड र पर्यटनको गुरु योजना तयार | नेक्स्ट कन्सल्ट | १९९७८४०/- |

५९. **<u>समपुरक कोष</u> :–** स्थानीय तहको आफ्नो कार्यक्षेत्रको विकाससँग सम्बन्धित सरकारी, गैर सरकारी, निजीक्षेत्र, विकास साझेदार संस्थासँग भएको सम्झौताबमोजिम साझेदारी वा लागत सहभागिता गर्न सम्बन्धित स्थानीय तहले आयोजनागत रुपमा विवरण तयार गरी समपुरक कोष (म्याचिङ फण्ड) मा आवश्यक रकम छुट्याउनु पर्ने र साझेदारीमा सञ्चालन गरिने कार्यक्रम वा आयोजनाहरु योजना प्रक्रियाको प्रारम्भिक चरणदेखि सहभागितामूलक प्रक्रियाबाट स्थानीय तहको योजनामा समावेश भएको हुनुपर्ने व्यवस्था छ । कार्यालयले समपुरक कोषमा बजेट विनियोजन गर्दा उपरोक्त प्रावधान पूरा गरेको छैन । समपुरक कोषबाट खर्च गर्ने गरी कार्यपालिकाको बैठकले निम्न कार्यमा बजेट छुट्याई खर्च गरेकोले अनियमित देखिएको छ। ४५०००००।००

| सि. नं. | खर्चको विवरण | रकम |
|---|---|---|
| १ | नगर कार्यपालिकाको बैठक भत्ता | १०,००,०००/- |
| २ | नगरपालिकाको कार्यालय सञ्चालन खर्च | १०,००,०००/- |
| ३ | नगरपालिकाको नगरप्रोफाइल तयार | १५,००,०००/- |
| ४ | नगरपालिकालाई जिरो होम डेलिभरी कार्यान्वयन | १०,००,०००/- |

६०. **<u>योजना अधुरो</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताअनुसारको काम सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले म्याद सकिनु कम्तीमा सात दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने र सम्बन्धित अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी म्याद थप गर्न सक्ने र निर्माण व्यवसायीको लापरवाहीको कारण काममा ढिलाई भएको भए पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्न सकिने र निर्माण व्यवसायीको काबुबाहिरको परिस्थितिको कारण भएमा पूर्व निर्धारित क्षतिपूर्ति नलिई थप गर्न सकिने व्यवस्था छ । सम्झौताअनुसार मिति २०७५।३।२५ सम्ममा काम सम्पन्न गर्ने गरी सम्झौता भएका देहायको योजनाको काम

सम्पन्न पनि नभएको र म्याद थप पनि भएको नदेखिएकोले योजना अलपत्र परेको छ । सम्झौताको म्यादभित्र काम सम्पन्न गर्न नसकिएको अवस्थामा म्याद थपको लागि निवेदनसमेत दिएको नदेखिएकोले सम्बन्धित प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई योजना सम्पन्न गर्नुपर्ने देखिन्छ ।

| ठेक्का नम्बर | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ००२/०७४/७५ | सडक कालोपत्रे | लटिनाथ निर्माण सेवा | ३५४१३३२/२० | २९६७४८९/५५ |
| ००३/०७४/७५ | सडक कालोपत्रे | सुरज कन्स्ट्रक्सन | ३५०२६८२/२४ | २१४५१७५/०५ |
| ००४/०७४/७५ | आरसिसि रोड तथा ड्रेन निर्माण | दाउत निर्माण सेवा | ४०६५४६३/९५ | २९२१४०५/५३ |
| ००९/०७४/७५ | स्ल्याब कल्भर्ट निर्माण | हिल्स निर्माण सेवा | १९४२९१८/३१ | १६५४८५६/१६ |
| ०१९/०७४/७५ | सडक ग्राभेल | लटिनाथ निर्माण सेवा | १९४७६३७/२८ | १७५९०६१/९६ |
| ०२०/०७४/७५ | ड्रेन निर्माण | जै त्रिपुरा निर्माण सेवा | १९४५६०२/७१ | ९२७५९२/२८ |
| ०२१/०७४/७५ | ड्रेन निर्माण | जै त्रिपुरा निर्माण सेवा | १९४४४०१/५२ | १२७८२४९/१९ |

६१. **<u>प्रिफ्याब</u> :–** स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा लागत अनुमान तयार गर्ने र उपभोक्ता समितिको जन श्रमदान एवं नगरपालिकाले व्यहोर्ने रकम खुलाई सम्झौता गर्नुपर्दछ। कार्यालयले विद्यालयको प्रिफ्याब भवन निर्माण गर्न लागत अनुमान बनाई उपभोक्ता समितिसँग सम्झौता गरी काम सम्पन्न भई भुक्तानी भएको देखियो । एकै किसिमको कामको फरक फरक किसिमले लागत अनुमान बनाएकोमा सोसम्बन्धी नर्म्स पेश नभएकोले खर्च यकिन गर्न सकिएन । २४१९८५०१००

| गोश्वरा भौचर/मिति | विद्यालयको नाम | कार्य सम्पन्न | भुक्तानी रकम |
|---|---|---|---|
| १०१९/०७५/३/३१ | दुर्गा आधारभूत विद्यालय | ११५३१९५/५८ | ९६४८५०/- |
| १०३८/०७/३/३१ | जमुना माध्यमिक विद्यालय | १६७८८३७/६२ | १४५५०००/- |

६२. **<u>ग्राभेलको गुणस्तर</u> :–** लागत अनुमान तयारीको लागि गरिएको दर विश्लेषणमा फिल्टर ग्राभेल प्रयोग गर्ने गरी ग्राभेलको रेट निर्धारण गरेको देखियो । तर लागत अनुमानको बिओक्यु बनाउदा रिभर बेड ग्राभेल प्रयोग गर्ने उल्लेख गरी सोहीअनुसार काम गराई निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई भुक्तानी हुने गरेको छ । दर विश्लेषण बढीले गर्ने र काम गराउदा कम गुणस्तरको प्रयोग गरेकोले अनावश्यक व्ययभार परेको अवस्था देखिएकोले यस सम्बन्धमा छानविन हुनुपर्दछ ।

६३. **<u>गैरसरकारी संस्थाबाट कार्य</u> :–** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत सर्त र लाग्ने रकमको अनुमान गरी त्यस्तो काम गर्ने उद्देश्य राखी कानून बमोजिम दर्ता भएको मौजुदा सूचीमा रहेका गैरसरकारी संस्थाबाट कम्तिमा १५ दिनको सूचना प्रकाशित गरी प्रस्ताव माग गरी माग गरेका प्रस्तावहरुमध्ये उपयुक्त प्रस्ताव स्वीकृत गरी कार्य गराउनु पर्ने व्यवस्था छ। कार्यालयले यो आर्थिक वर्षमा विभिन्न गैरसरकारी संस्थाहरुलाई लक्षित समूहतर्फका कार्यक्रमहरु सञ्चालन गर्न दिएकोमा नियमावली अनुसारको प्रस्ताव माग गरी छनौट गरेको देखिएन । गैरसरकारी संस्थाको छनौट नियमावली अनुसार गरी भुक्तानी गर्नुपर्दछ ।

६४. **<u>वैशाख पछिको सम्झौता</u>** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा ३९ (१४) अनुसार नगरपालिकाले वैशाख मसान्तपछि कुनैपनि नयाँ कार्यक्रम आयोजनामा रकम बाँडफाँड गर्न, निकासा दिन, कार्यक्रम वा आयोजना कार्यान्वयनका लागि सम्झौता गर्न, पेश्की दिन वा अख्तियारी दिन नपाउने व्यवस्था छ । कार्यालयले यो वर्ष विभिन्न योजनाहरु वैशाख मसान्तपछि सम्झौता गरी रकम बाँडफाँड तथा खर्च गरेको देखियो । आर्थिक वर्षको अन्त्यमा मौसमी वदलाव भई वर्षातको सिजन शुरु हुने र यस्तो सिजनमा गरेको निर्माण कार्य भरपर्दो, टिकाउ र गुणस्तरीय नहुने हुँदा यस्तो कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

| गो.भौ.नं/मिति | निर्माण व्यवसायी | कामको विवरण | सम्झौता/भक्तानी रकम |
|---|---|---|---|
| ९८८/०७५/३/२८ | हिल्स निर्माण सेवा | हयम पाइप खरिद | २९७४८४/- |
| ९७४/०७५/३/२८ | थोमस कन्स्टक्सन | रिटेनिङ वाल निर्माण | ३८४४५५/- |
| ९७३/०७५/३/२८ | उपभोक्ता समिति | विद्यत पोल खरिद | ३८८०००/- |
| ९२६/०७५/३/२६ | न्य बासलिङग निर्माण सेवा | सडक ग्राभेल कार्य | ४७७८४५/- |
| ८९९/०७५/३/२४ | आरब कन्स्टक्सन | रिटेनिङ वाल निर्माण | ४३२८६२/- |
| ८९४/०७५/३/२४ | मोहन कन्स्टक्सन | सडक ग्राभेल कार्य | ४८२८२३/- |
| ८९३/०७५/३/२४ | ब्याउरा भवानी निर्माण सेवा | सडक ग्राभेल कार्य | ४८२१००/- |
| ८०१/०७५/३/१७ | जय भैरब कन्स्टक्सन | सडक ग्राभेल कार्य | ४७९०६८/- |
| ७६५/०७५/३/१३ | कँवर बिल्डर्स | डेन निर्माण | ४८४५७६/- |
| ७६४/०७५/३/१३ | मैटुप निर्माण सेवा | सडक ग्राभेल कार्य | ४६३५५८/- |

६५. **ओभरहेड :–** सार्वजनिक निकायले निर्माण सामग्री तथा मालसामान खरिदका लागि लागत अनुमान तयार गर्दा जिल्ला दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेटलाई आधार लिनु पर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) को अनुसूची १ मा व्यवस्था भए जस्तो जिल्ला दररेटमा ओभरहेड जोडी लागत अनुमान तयार गर्न मिल्ने देखिदैन । कार्यालयले ह्युम पाइप, ग्याबियन तार, बारबेड फेन्सिङ जस्ता निर्माण सामग्री खरिद गर्न लागत अनुमान तयार गर्दा ओभरहेडसमेत जोडी तयार गरेको र त्यसैको आधारमा खरिद गर्दा थप व्यय भार पर्ने गरेको छ। नियममा नभएको प्रावधान राखी लागत अनुमान तयारगर्ने र स्वीकृतगर्ने कर्मचारीलाई जिम्मेवार बनाई सुधार गर्नुपर्दछ ।

६६. **सिकलसेल :–** कार्यालयले यो वर्ष सिकलसेल रोगको खोजपड्तालका लागि रु.९,००,०००।०० खर्च गरेकोमा देखिएको व्यहोरा निम्नअनुसार देखिएको छः ९००००००।००

६६.१ कार्यालयको जनशक्तिबाट काम गर्न नसकिने भएमा परामर्श सेवा लिन सकिने व्यवस्था छ । स्वास्थ्य सेवा जस्तो संवेदनसिल विषयमा विज्ञ जनशक्तिको सेवा लिनु पर्नेमा सो प्रक्रिया नअपनाई अन्य कार्यको जस्तो पिताम्बर चौधरीको अध्यक्षतामा शिबिर सञ्चालन गरेको देखाएकोले यस्तो कार्य भरपर्दो र उचित देखिएन ।

६६.२ रोगको खोजतलास गर्न १५ दिन लाग्ने र सोको लागि रु.१०,५०,०००।०० खर्च लाग्ने उल्लेख गरिएकोमा कार्यालय सञ्चालनसम्बन्धी मालसामान खरिद गरेको रु.१०४५८१।५० र औषधि खरिद गरेको रु.४०१९१०।०० कार्यालयको जिन्सी खातामा आम्दानी गरेको देखिएन । खरिद भएका मालसामान जिन्सी खातामा दाखिला नगरेकोले ती सामान खर्च भएको प्रमाण पेश हुनुपर्दछ ।

६७. **सामान दाखिला :–** खरिद भएका मालसामान सम्बन्धित कार्यालयमा दाखिला भएपछि मात्र भुक्तानी गर्नुपर्दछ । देहायका विद्यालयलाई कृषि सम्बन्धी उपकरण र फर्निचर उपलब्ध गराएकोमा सम्बन्धित विद्यालयको जिन्सी खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्दछ । २,९२,०८०।००

| गोश्वारा भौचर र मिति | विद्यालयको नाम | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ८५०/०७५/३/२० | शान्ति माध्यमिक विद्यालय | पावर टिलर, रिपर, पम्प सेट र पानी तान्ने पम्प | २,४२,०८०/- |
| ८४३/०७५/३/२० | गौरी शंकर आ.वि. | शैक्षिक सामग्री तथा फर्निचर | ५०,०००/- |

६८. **विरुवा उत्पादन :–** विरुवा उत्पादनको लागत अनुमान बनाउदा वनसँग सम्बन्धित नर्म्स प्रयोग गर्नुपर्दछ । विरुवा उत्पादनको लागत अनुमान र उत्पादित विरुवा वितरणसम्मको योजना स्वीकृत भएपछि मात्र विरुवा उत्पादनका लागि खर्च गर्नुपर्दछ। उत्पादित विरुवा वितरण गर्ने योजनासमेत नबनाई सहायक वन अधिकृत श्री मोविद अन्सारीलाई पेश्की उपलब्ध गराएको र १००००० गोटा उत्पादन गरेको देखाई पेश्की फछ्र्यौटसमेत रु.८,९९,९९८।०० खर्च लेखेकोमा उपरोक्त परिमाणको विरुवा उत्पादन गर्न बढीमा रु. ८ लाख लाग्ने र विरुवा वितरण पनि भएको नदेखिएको हुँदा खर्च रकम छानविन हुनुपर्दछ । ८,९९,९९८।००

६९. **बढी दरले लागत अनुमान बनाएको :–** मालसामान तथा निर्माण सामग्रीको लागत अनुमान तयार गर्दा तोकिएको जिल्ला दररेटमा आवश्यक पर्ने अवस्था भएमा ढुवानी भाडा जोडी लागत अनुमान बनाउनु पर्नेमा जिल्ला दररेटभन्दा बढीले लागत अनुमान बनाई खरिद गर्ने गरेको देखियो । जिल्ला दररेटभन्दा बढीको दरले खरिद गर्दा अनावश्यक व्ययभार परिरहेको अवस्था भएकोले कार्यालयले छानविन गरी बढीको दरले लागत अनुमान तयार गर्नेलाई जिम्मेवार बनाई असुल गर्नु पर्ने देखिन्छ । यस सम्बन्धी उदाहरणको लागि ह्युम पाइप तथा विद्युत पोलको तुलनात्मक तालिका निम्नअनुसार देखिएको छ ।

| जिल्ला दररेट | | | लागत अनुमान | बढी |
|---|---|---|---|---|
| विवरण | साइज | दर | दर | |
| ह्युम पाइप | ४५० एमएम | १०८९९ | १३०७८ | २१७९ |
| ह्युम पाइप | ६०० एमएम | १४९३४ | १७९२०.८० | २९८६ |
| ह्युम पाइप | ९०० एमएम | २५५६३ | ३०६७५.६० | ५११२.६० |
| ह्युम पाइप | १२०० एमएम | ३७०८६ | ४४५०३.२० | ७४१७.२० |
| विद्युत पोल | ८ मिटर | ५५०० | ६३२५ | ८२५ |
| विद्युत पोल | ९ मिटर | ६२०० | ७१३० | ९३० |

७०. **मेशिनबाट काम गराएको** :– सडक मर्मत तथा निर्माण कार्यको अर्थ वर्क एक्साभेसनको लागत अनुमान बनाउदा म्यानुअलको नर्म्स प्रयोग गरी तयार गरेको र काम चाहि मेशिनबाट हुने गरेकोमा पनि मेसिनको दरले भुक्तानी नगरी म्यानुअलको दरले गर्ने गरेको देखियो। कार्यालयको तर्फबाट छानबिन गरी सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।।

७१. **अनियमित** :– स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को दफा १३ मा पूँजीगत रकमबाट चालु प्रकृतिका खर्च तलब, भत्ता, बैठक भत्ता, सवारी साधन मर्मत सम्भार र ईन्धन खर्च, कुनै किसिमको चन्दा पुरस्कार दिन नपाइने व्यवस्था छ। पूँजी निर्माण हुने र विकास निर्माणको कार्यमामात्र खर्च गर्नुपर्नेमा निम्नअनुसार नियम विपरीत चालु प्रकृतिका कार्यमा खर्च लेखेकोले अयमित देखिएको छ। १,८०,६४९।००

| सि. नं. | गो. भा.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १. | ६५०।२०७५।२।२९ | स्वास्थ्यका कर्मचारीहरुको २०७५ जेष्ठ महिनाको नपुग तलव भत्ता खर्च | ८०,८९९/- |
| २. | ६७२।२०७५।२।३० | श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रका कर्मचारीहरुको नाईट ड्यूटी भत्ता खर्च | ९९,७५०/- |
| | | **जम्मा** | **१,८०,६४९/-** |

७२. **मूल्य अभिबृद्धि कर समायोजन** :– मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८(१) मा करदाताले प्रत्येक महिनाको विवरण सो महिना समाप्त भएको २५ दिनभित्र पेश गर्नुपर्ने र भुक्तानी दिनेले समेत भुक्तानीको विवरण सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्ने व्यबस्था छ। मूल्य अभिबृद्धि करसमेत भुक्तानी लिएका निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा सेवा प्रदायकहरुले बुझाउनु पर्ने कर विवरण तथा कर रकम बुझाएको प्रमाण नदेखिएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ। १८,९२१।५०

| गो.भौ.नं/मिति | आपूर्तिकर्ता तथा सेवा प्रदायकको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएको कैफियत |
|---|---|---|---|---|
| | **व.उ.शि.नं. वित्तिय सामानिकरण पूँजीगत तर्फ** | | | |
| ५४२/२०७५/२/७ | अल्का ट्रेड एण्ड अर्डर सप्लायर्स, धनगढी (३००२८६४०९) | १,०४,५८१/५० | १२,०३१/५० | विजक नं. ४४।२०७५।१।१६, २०७३ असार देखि ननफाइलर रहेको। |
| | **व.उ.शि.नं. वित्तिय सामानिकरण चालु तर्फ** | | | |
| २८६/२०७५/३/७ | जियोसफ्ट टेक्नोलोजि प्रा. लि., काठमाडौं (३०२७०२३९८) | २९,९४५/- | ३,४४५/- | विजक नं. ०५१।२०७५।३।४, २०७१ पहिलो त्रैमासिक देखि ननफाइलर रहेको। |
| २८५/२०७५/३/७ | सांग्रिला ईन्फरमेटिक्स प्रा. लि., काठमाडौं (३०१५४४७७३) | २९,९४५/- | ३,४४५/- | विजक नं. ०५९।२०७५।३।४, २०७४ माघ देखि ननफाइलर रहेको। |
| | **जम्मा** | | **१८,९२१/५०** | |

७३. **मूल्य अभिबृद्धि कर** :– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ (१) मा दर्ता भएको व्यक्तिले वस्तु वा सेवा बिक्री गर्दा प्रापकलाई कर बीजक दिनुपर्ने उल्लेख छ। मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम १७ (१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर बीजक दिनुपर्ने व्यवस्था छ। आन्तरिक राजस्व विभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्रानुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको करदाताले हरेक वर्ष बीजकको क्रम संख्या १ बाट सुरु गर्नुपर्ने र कर बीजकमा हातले नम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ। कार्यालयले भुक्तानी गरेको निम्न फर्मले रीतपूर्वकको कर बीजक जारी नगरेकोले कर रकम समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्दछ। १८,७९७।६२

| गो.भौ.नं/मिति | आपूर्तिकर्ताको नाम | भुक्तानी रकम | मू.अ.कर | देखिएका कैफियतहरु |
|---|---|---|---|---|
| | **व.उ.शि.नं. वित्तिय समानीकरण पूँजीगत तर्फ** | | | |
| ३८३/२०७५/१/२ | मनकामना हार्डवेयर एण्ड सप्लायर्स, बेलौरी (३०१७८३९८७) | ८४,५००/- | ९,७२१/- | विजक नं. ४०८ मा पुन: २५८ नम्वर राखी मिति २०७४।१२।२१ मा जारी गरेको। |
| ४२१/२०७५/१/१३ | जननी हार्डवेयर एण्ड सप्लायर्स, बेलौरी (३०२५२८८१७) | ७८,८९६/८० | ९,०७६/६२ | विजक नं. १५० हातले लेखि मिति २०७४।१०।२८ मा जारी गरेको। |
| | **जम्मा** | **१,६३,३९६/८०** | **१८,७९७/६२** | |

७४. **सोझै खरिद** :– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले

बीस लाख रुपैया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ८४(१) मा रु. २० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु. ५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार लागत अनुमान नै तयार नगरी विभिन्न आपूर्तकबाट पटक पटक गरी निम्न अनुसार मोटरसाइकल, ल्यापटप, फोटोकपी मेसीन, सोलार सेट, इन्भर्टर, दराज, कुर्सी, टेबुल, औषधि आदि सोझै खरिद गरेकोले अनियमित देखिएको छ । २३,८७,७९५।००

| सि. नं. | गो. भा. नं. र मिति | खरिदको विवरण | रकम |
|---|---|---|---|
| १ | ३९६/२०७५/१/३ | मोटरसाईकल खरिद १ थान | २,४७,५००/- |
| २ | ३९७/२०७५/१/४ | मोटरसाईकल खरिद २ थान | ३,४९,८००/- |
| ३ | ४०८/२०७५/१/४ | मोटरसाईकल खरिद २ थान | ३,५८,४९५/- |
| ४ | ४७०/२०७५/१/२६ | मोटरसाईकल खरिद १ थान | १,९७,१००/- |
| ५ | ४७५/२०७५/१/२६ | मोटरसाईकल खरिद २ थान | ४,९५,०००/- |
| ६ | ५६४/२०७५/२/९ | मोटरसाईकल खरिद १ थान | २,३९,९००/- |
| ७ | ६०७/०७५/२/२२ | औषधी खरिद | ५,००,०००/- |
| | | **जम्मा** | **२३,८७,७९५/-** |

७५. **<u>उपभोक्ता समितिलाई कर भुक्तानी</u> :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिदाँ उपनियम ३ को खण्ड (ख) वमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयबाट उपभोक्ता समितिलाई भुक्तानी दिएका केही निर्माण कार्यको परीक्षण गर्दा मूल्य अभिवृद्धि करसमेत थप गरेर भुक्तानी दिएको पाईयो । नियम विपरीत भुक्तानी दिएको मूल्य अभिवृद्धि कर कार्यालयबाटै आवश्यक छानबिन गरी असुल हुनुपर्दछ। लेखापरीक्षणको सिलसिलामा केही गोश्वारा भौचरहरुको परीक्षण गर्दा मूल्य अभिवृद्धि कर भुक्तानी दिएका उदाहरणहरु निम्न अनुसार छन्: ५,१६,८६२।००

| सि. नं. | गो. भा. नं. र मिति | उपभोक्ता समितिको नाम | मू. अ. कर रकम |
|---|---|---|---|
| १ | ३७३/२०७४/१२/२९ | बागेश्वरी विद्यालय पानी टंकी तथा फर्निचर मर्मत उपभोक्ता समिति वार्ड नं. ५ | ११,५००/- |
| २ | ३७८/२०७५/१/२ | रामनगर स्लाव कल्भर्ट निर्माण उपभोक्ता समिति वार्ड नं. ५ | २०,८३०/- |
| ३ | ३९३/२०७५/१/३ | उपियाफाँटा मटैया र फटियागाउँ विद्युत लाईन विस्तार उपभोक्ता समिति वार्ड नं. ७ | ८९,१३७/- |
| ४ | ३९५/२०७५/१/३ | भगवानपुर मा. वि. रंगरोगन उपभोक्ता समिति वार्ड नं. १० | १७,१५३/- |
| ५ | ४०६/२०७५/१/४ | बरैया शिव मन्दिरदेखि कृपा रानाको घरसम्मको बाटो ग्राभेल उपभोक्ता समिति वार्ड नं. ७ | १४,०८३/- |
| ६ | ४१०/२०७५/१/६ | भजौरा रानाको घरदेखि बि. एल. नहर सडक ग्राभेल उपभोक्ता समिति | १७,१९३/- |
| ७ | ४४१/२०७५/१/२५ | राम रामेश्वर शिवधाम मन्दिर निर्माण उपभोक्ता समिति वार्ड नं. ८ | १०,३२९/- |
| ८ | ५००/२०७५/१/३१ | कोमल खनालको घरदेखि दिप ज्योती स्कुल जोडने सडक ग्राभेल उपभोक्ता समिति | ९,३१९/- |
| ९ | ४९३/२०७५/१/२८ | बैजु चौधरीको घरदेखि जीते रानाको घर सम्म सडक ग्राभेल उपभोक्ता समिति | ९,९७०/- |
| १० | ४८५/२०७५/१/२७ | श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्र भवन मर्मत तथा रंगरोगन उपभोक्ता समिति | ४०,६९२/- |
| ११ | ४८२/२०७५/१/२७ | कङगला चौधरीको घरदेखि भारत बोर्डरसम्म सडक ग्राभेल उपभोक्ता समिति | १५,५३१/- |
| १२ | ४८०/२०७५/१/२६ | आधारभूत प्रा. वि. देखि भारत ४ नम्वर जाने सडक ग्राभेल उपभोक्ता समिति | १९,९३९/- |
| १३ | ५१६/२०७५/२/२ | सिद्धेश्वरी मा. वि. पर्खाल निर्माण उपभोक्ता समिति | २२,०००/- |
| १४ | ५१५/२०७५/२/१ | छोटी सिंहपुर थनुवा मन्दिर निर्माण उपभोक्ता समिति | १०,२३५/- |
| १५ | ५०८/२०७५/२/१ | गणेश मा. वि. देखि रामकृष्ण रानाको घरसम्मको सडक ग्राभेल उपभोक्ता समिति | १८,९१२/- |
| १६ | ५०५/२०७५/२/१ | सिंहपुर चौराहादेखि सिंहपुर रेञ्जपोष्ट जाने सडक ग्राभेल उपभोक्ता समिति | २०,६३१/- |
| १७ | ५०४/२०७५/२/१ | हात्तीबोझादेखि सिंहपुर जाने सडक ग्राभेल उपभोक्ता समिति | १७,१९३/- |
| १८ | ५३६/२०७५/२/६ | कलकता बजार ड्रेन निर्माण कार्य उपभोक्ता समिति | २५,५००/- |
| १९ | ५२२/२०७५/२/२ | कालीराम चौधरीको घरदेखि भट्टेघाटसम्म सडक ग्राभेल कार्य उपभोक्ता समिति | २७,६४६/- |
| २० | ५७०/२०७५/२/१० | नारायण सिग्देलको घरदेखि प्यारे माईलाको घरसम्म माटो पटान र ह्युम पाईप उपभोक्ता समिति | २५,०३९/- |
| २१ | ५६३/२०७५/२/९ | खोप केन्द्र निर्माण उपभोक्ता समिति | ८,३९२/- |

| | | | |
|---|---|---|---|
| २२ | ५६१/२०७५/२/९ | छोटी सिंहपुर सडक निर्माण उपभोक्ता समिति | १५,४७३/- |
| २३ | ५५९/२०७५/२/९ | सिमत राम चौधरीको घर नजिक ह्युम पाईप जडान उपभोक्ता समिति | १७,९३०/- |
| २४ | ५५२/२०७५/२/८ | सिंहपुर थनुवा मन्दिर निर्माण उपभोक्ता समिति | १०,२३५/- |
| २५ | ६०३/२०७५/२/२२ | जननमुना मा. वि. भवन निर्माण उपभोक्ता समिति | २२,०००/- |
| | | **जम्मा** | **५,१६,८६२/-** |

७६. **इन्धन खर्च** :– सडक ग्राभेल, स्तरोन्नति र कालोपत्र तथा कल्भर्ट निर्माण कार्यलाई आवश्यक पर्ने निर्माण सामग्रीहरुको नर्म्सअनुसार हिसाब गरी लागत अनुमान तयार गर्नुपर्दछ । योजनाहरुको निर्माणका लागि कार्यालय र उपभोक्ता समितिबीच भएको सम्झौताअनुसार निर्माण कार्यको प्राविधिक मूल्यांकन र बिल भरपाईको आधारमा कार्यालयले भुक्तानी गर्दा उपभोक्ता समितिले निर्माण सामग्रीको बिल भरपाईको साथमा इन्धनको बिल पनि पेश गर्ने गरेको देखियो । प्रयोग भएको निर्माण सामग्रीको मूल्यभन्दा कैयौ गुणा बढीको इन्धनको बिल पेश हुने गरेको छ । पेश भएको बिलअनुसारको इन्धनको प्रयोजन खुलाउने गरेको छैन । उपभोक्ता समितिले अनावश्यक रुपमा इन्धन खरिद भएको देखाउने र कार्यालयले त्यसलाई मान्यता दिई भुक्तानी गर्दा सरकारी स्रोत साधनको दुरुपयोग नभएको भन्न सकिने अवस्था रहेन । उपभोक्ता समितिलाई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) अनुसार कारवाही गर्ने र यसप्रकारको खर्चमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

७७. **आयोजनाको स्वीकृति र कार्यान्वयन** :– आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २२ अनुसार विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफलको समेत विचार गरी आयोजना स्वीकृत हुनुपर्दछ । नगरपालिका अन्तर्गत सञ्चालन भएका कुनै पनि योजनाहरुको उपरोक्त अनुसारको प्रक्रिया पूरा गरेको देखिएन । वातावरणीय प्रभावको अध्ययन नगरी छनौट भएका आयोजनाले प्राकृतिक विपत्ती ल्याउन सक्ने, प्रतिफलको विश्लेषण नगर्दा योजना खर्चिलो हुन सक्ने, विस्तृत सर्वेक्षण, ड्इङ्ग, डिजाइन तथा स्पेसिफिकेसन नबाउँदा योजना गुणस्तरीय र दिगो नहुने भएकाले योजनाको छनौट गर्दा माथिका प्रावधानहरु पूरा गर्नुपर्ने देखिन्छ । यो वर्ष उपर्युक्त प्रावधान पूरा नगरी छनौट भएका केही ठूला योजनाहरुको उदाहरण निम्नअनुसार छन्:

| योजनाको नाम | लागत अनुमान | कार्य सम्पन्न |
|---|---|---|
| ठेक्का नम्बर १।०७४।७५ सडक कालोपत्रे | ५९९७९२४/४४ | ३५००३०५/४० |
| ठेक्का नम्बर ५।०७४।७५ प्रिफ्याब भवन निर्माण | १९४२५५४/४२ | १९०१४५१/- |
| ठेक्का नम्बर ७।०७४।७५स्ल्याब कन्भर्ट निर्माण | १८६५७४१/६९ | १८५०५६४/५४ |
| ठेक्का नम्बर १७।०७४।७५ सडक निर्माण | १९४८११२/१२ | १९१७८५४/६४ |

७८. **उपभोक्ता समितिले व्यहोर्ने रकम** :– उपभोक्ता समितिमार्फत सञ्चालन हुने योजनाहरुमा उपभोक्ता समितिले लागत अनुमानको कम्तीमा २० प्रतिशत लागत व्यहोर्ने गरी सम्झौता गर्नुपर्दछ। वीस प्रतिशतभन्दा घटी लागत व्यहोर्ने गरी उपभोक्ता समितिसँग सम्झौता गरेको र सोहीअनुसार भुक्तानी भएको समेत देखियो । नमुना छनौटको आधारमा केही योजनाहरुको लागत अनुमान र उपभोक्ता समितिले व्यहोरेको रकमको परीक्षण गर्दा निम्न योजनाको उपभोक्ता समितिलाई २० प्रशितभन्दा कम रकम व्यहोरेकोले असुल गर्नुपर्ने देखिएको छ । बाँकी योजनाहरुको सम्बन्धमा कार्यालयबाट छानविन गरी असुल गर्नुपर्ने देखिएको छ । ५,१३,५६५।००

| गो.भा.नं. र मिति | योजनाको नाम | सम्झौता रकम | भुक्तानी गर्नुपर्ने | भुक्तानी भएको | २० प्रतिशत नहुदाँको बढी व्ययभार पारेको रकम |
|---|---|---|---|---|---|
| ४०६/०७५/१/४ | बरैया शिव मन्दिरदेखि कृपा रानाको घरसम्मको बाटो ग्राभेल गर्ने कार्य | ५,७४,१०८/- | ४,५९,२८६/- | ४,८५,०००/- | २५,७१४/- |
| ४१०/०७५/१/६ | भजौरा रानाको घरदेखि बि. एल. नहर सडक ग्राभेल गर्ने कार्य | ४,६३,६१५/- | ३,७०,८९२/- | ३,८८,०००/- | १७,१०८/- |
| ४१४/०७५/१/११ | लक्ष्मी चन्दको घरदेखि महाकाली मा. वि. जाने बाटो मर्मत कार्य | ४,५८,७७८/- | ३,६७,०२२/- | ३,८८,०००/- | २०,९७८/- |
| ४४४/०७५/१/२५ | साउदजीको पेट्रोल पम्पदेखि धनगढी जाने मूल सडक जोडने सडक ग्राभेल गर्ने कार्य | ५,७४,५४१/- | ४,५९,६३३/- | ४,८५,०००/- | २६,३६७/- |
| ४४२/०७५/१/२५ | सिंङगाहा नाला पुलदेखि कलकता नहरसम्मको बाटो ग्राभेल गर्ने कार्य | ६,३९,७८३/- | ५,११,८२६/- | ५,७५,०००/- | ६३,१७४/- |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३८/०७५/१/२१ | खिरिया बुटावारी माटो फिलिङ तथा ग्राभेल गर्ने कार्य | १७,२३,३८५/- | १३,७८,७०८/- | १४,५५,०००/- | ७६,२९२/- |
| ४७३/०७५/१/२६ | गौतम चौराहा देखि सरस्वती मा. वि., बुटाबारी सडक ग्राभेल गर्ने कार्य | ६,५९,७४७/- | ५,२७,७९८/- | ५,५७,७५०/- | २९,९५२/- |
| ४७१/०७५/१/२६ | खिरिया राना टोलदेखि बुटाबारी मा. वि. जोडने सडक ग्राभेल गर्ने कार्य | २२,८९,४३६/- | १८,३१,५४९/- | १९,४०,०००/- | १,०८,४५१/- |
| ४६६/०७५/१/२६ | दिल्ली बहादुर शाहीको घर देखि २०२ नम्वर पिल्लर जाने बाटो ग्राभेल गर्ने कार्य | ६,८५,५७८/- | ५,४८,४६३/- | ५,८२,०००/- | ३३,५३७/- |
| ६१२/०७५/२/२२ | चिनिमिलदेखि टिकाराम भट्टको घर चौराहा सडक ग्राभेल गर्ने कार्य | ५,५३,१२२/- | ४,४२,४९८/- | ४,८५,०००/- | ४२,५०२/- |
| ५१८/०७५/२/२ | दुर्गा मन्दिरदेखि उत्तर पिच जोडने सडक ग्राभेल तथा ह्युम पाईप गर्ने कार्य | ६,१६,५८८/- | ४,९३,२७०/- | ५,१८,९५०/- | २५,६८०/- |
| ५३५/२०७५/२/६ | रिछाहा पशुपतिको घरदेखि तिर्थराज जोशीको घरसम्मको बाटो निर्माण कार्य | ४,७६,५२३/- | ३,८१,२१८/- | ४,०२,५५०/- | २१,३३२/- |
| ७१७/२०७५/३/७ | लोकेन्द्र थापाको घरदेखि महाविर चन्दको घरसम्मको सडक ग्राभेल कार्य | ६,९९,४०३/- | ५,५९,५२२/- | ५,८२,०००/- | २२,४७८/- |
| | **जम्मा** | | | | **५,१३,५६५/-** |

**स्वास्थ्य कार्यक्रमतर्फ**

७९. गो. भौ. नं. ५१।२०७५।३।१९ – स्वास्थ्य चौकीले राखेको अभिलेख र तथ्याङ्कका आधारमा आमा सुरक्षा कार्यक्रमको रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । २०७५ आषाढ महिनाको रकम भुक्तानी दिँदा रामपुर स्वास्थ्य चौकीलाई बढी भुक्तानी गएको रकम असुल गरी संघीय राजस्व खातामा दाखिला गर्नुपर्दछ । ५,७००।००

८०. एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रममा निकासा रु. ६५,१४,०००।०० भएकोमा रु. ६५,३५,०६०।०० खर्च लेखिएकोले बढी खर्च लेखिएको रकम जिम्मेवार पदाधिकारीबाट असुल गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ । २१,०६०।००

८१. गो. भौ. नं. ४५।२०७५।२।३० – स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य निर्देशिकाको पालना गरी खर्च लेख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले योजना तर्जुमा अद्यावधिक तथा पूर्णखोपको दिगोपना सम्बन्धी तालिम तथा गोष्ठीमा नर्म्सअनुसार सहभागी भत्ता प्रतिव्यक्ति रु. ७००।०० का दरले ४० जना सहभागीको २ दिनको भत्ता रु. ५६,०००।०० लेख्नुपर्नेमा रु. १,०००।०० का दरले रु. ८०,०००।०० खर्च लेखेकोमा नर्म्सभन्दा बढी खर्च लेखेको रकम रु. २४,०००।०० असुल हुनुपर्दछ । २४,०००।००

**व.उ.शी.नं. सामाजिक सुरक्षा कार्यक्रम तर्फ**

८२. **सामाजिक सुरक्षा भत्ता :–** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ अनुसार लाभग्राहीहरुको मुल लगत किताब तयार गरी राख्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको फोटोसहितको मूल लगत राखेको पाइएन । लेखापरीक्षणको क्रममा छडके परीक्षण गर्दा निम्न वडाहरुले एम. आई. एस. सिष्टममा प्रविष्ट गरेको भन्दा फरक लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता भुक्तानी दिएको देखिएकोले कार्यालयबाटै आवश्यक छानबिन गरी भत्ता नपाउनेलाई भुक्तानी भएको रकम असुल हुनुपर्दछ । ५,३४,९६०।००

| सि. नं. | वडा नं. | बढी भुक्तानी रकम |
|---|---|---|
| १ | १ | ३६,८००।०० |
| २ | २ | ७२,०००।०० |
| ३ | ३ | ४३,६००।०० |
| ४ | ४ | ६५,६००।०० |
| ५ | ५ | ६०,०००।०० |
| ६ | ६ | ४०,८००।०० |
| ७ | ७ | २९,०००।०० |
| ८ | ८ | ४८,०००।०० |
| ९ | ९ | १,०९,५६०।०० |
| १० | १० | २९,६००।०० |
| | **जम्मा** | **५,३४,९६०।००** |

**व.उ.शी.नं. कृषि कार्यक्रम तर्फ**

८३. **गोश्वारा भौ.नं.२२।२०७४।६।२९**

**वितरण भरपाई वेगर खर्च :–** महाकाली सिचाइ प्रणाली जल उपभोक्ता संघ, बेलौरी, बेलडाडीलाई ७५ प्रतिशत अनुदानमा आलुको बिउ वितरणको भरपाई नरहेको र खरिद ५,२८,०००।००

गरिएको बिल बराबरको रकमको वितरण भरपाई पेश हुनुपर्दछ अन्यथा असुल हुनपर्दछ ।

८४. **बढी भत्ता :–** आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार पाउने सुविधा मात्र लिनुपर्ने व्यवस्था छ । गो.भौ.नं. २६१ मिति २०७४।९।५ स्थानीय जनप्रतिनिधि, वडा सचिव, सञ्चारकर्मी तथा सरोकारवालालाई लैंगिक मुल प्रवाहीकरण तालिम सञ्चालन गरेकोमा प्रमुख प्रशासकीय अधिकारी श्री मंगल बहादुर शाही ३ दिन उपस्थिति भएकोमा भत्ता ५ दिनको भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्दछ । २,५५०।००

८५. **सहभागी भत्ता :–** नगरपालिकाको कृषि विकास शाखाले मिति २०७४।९।१८ गते सञ्चालन गरेको कार्यक्रमको अनुगमन र सहभागी भत्ता भ्रमण खर्च नियमावली, २०६४ अनुसार भुक्तानी गर्न नमिल्ने हुँदा असुल हुनपर्दछ । ११,६००।००

| क. सं. | विवरण | रकम |
|---|---|---|
| १ | श्री पोतीलाल चौधरी | ८५०।०० |
| २ | श्री चित्रा चौधरी | ८५०।०० |
| ३ | श्री नेत्रराज गिरी | ८५०।०० |
| ४ | श्री मंगल बहादुर शाही | ८५०।०० |
| ५ | श्री अर्जुन ढकाल | ८५०।०० |
| ६ | श्री साईटु कुमारी चौधरी | ८५०।०० |
| ७ | श्री विनोद नेपाली | ८५०।०० |
| ८ | श्री महेश राज गिरी | ८५०।०० |
| ९ | श्री रण बहादुर मल्ल | ८५०।०० |
| १० | श्री हरिश सेठी | ८५०।०० |
| ११ | श्री खड्क चौधरी | ८५०।०० |
| १२ | श्री सुरेश प्रसाद मिश्र | ८५०।०० |
| १३ | श्री कृष्णानन्द भट्ट | ८५०।०० |
| १४ | श्री विर बहादुर ऐर | ८५०।०० |
| | **जम्मा** | **११,६००।००** |

८६. **गो. भौ. नं. २६८।२०७४।१२।२९**

**विउ वितरण :–** कृषि प्रसार कार्यान्वयन निर्देशिका, २०७४ र साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट ) विकास कार्यक्रम संचालन कार्यविधि, २०७३ अनुसार कार्यक्रम संचालन गर्नुपर्नेमा उक्त नर्म्स अनुसार कार्यक्रमहरु सञ्चालन गरेको पाइएन । कार्यक्रम खर्चअन्तर्गत प्राङगारिक मल ५० प्रतिशत अनुदान, तरकारी खेती र चैते धान वितरणको लागि रु. ५,६३,०००।०० खर्च लेखेको छ । निर्देशिका अनुसार खर्च गरेको नदेखिएकोले नर्म्स कार्यान्वयन गरी सम्बन्धित कार्यमा खर्च गर्नुपर्दछ ।

| क. स. | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| १ | घुम्ती स्थलगत तालिम | १,००,००० |
| २ | तरकारी खेती | १,००,००० |
| ३ | तरकारी किट्स | ५०,००० |
| ४ | प्राङगारिक मल अनुदान वितरण | २,४०,००० |
| ५ | प्राङगारिक मल ढुवानी | २०,००० |
| ६ | चैते धानको विउ वितरण | ५३,००० |
| | **जम्मा** | **५,६३,०००** |

उपरोक्त खर्चको लेखापरीक्षणको लागि घुम्ती तालिमको कार्यक्रम माइन्यूट, तरकारी खेतीको किड्स वितरण भरपाई र प्राङगारिक मल अनुदान वितरणको भर्पाइ नभएको र जिन्सीमा आम्दानी जनाएको र दाखिला गरेको देखिएन । चैते धानको बिउ खरिद तथा दाखिला, गुणस्तर परीक्षण एवं वितरणको भर्पाइ नरहेकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई असुल गर्नुपर्दछ । ५,६३,०००।००

**व.उ.शी.नं. पशु सेवा कार्यक्रम तर्फ**

८७. **गो. भौ. नं. ४४०।२०७५।१।२५**

**फोटोकपी बिलबाट भूक्तानी :–** अन्य कार्यक्रम खर्च अर्न्तगत मिति २०७४ चैत्र १२ गते बसेको बैठकको बैठक भत्ता रु. १८,२००।०० भुक्तानी गरेको भरपाईको फोटोकपी राखी खर्च लेखेको देखिएकोले सम्बन्धित कर्मचारी प्रा.स. श्री केशवराज बस्नेतबाट असुल हुनुपर्दछ । १८,२००।००

८८. **गो. भौ. नं. १२६।२०७४।९।२५**

**सरकारी खर्चबाट निजी प्रयोजनको खर्च :–** आर्थिक कार्यविधि नियमावली, २०६४ मा सरकारी रकम खर्च गर्दा सरकारी प्रयोजनमामात्र खर्च गर्नुपर्ने व्यवस्था छ। प्रा.स. श्री प्रयागदत्त भट्टले सरकारी रकमबाट घरायसी सामानहरु खरिद गरेको सम्बन्धित कर्मचारीबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्दछ। २३,०१०।००

८९. **गोश्वारा भौ.नं. २३९।२०७४।११।१७**

**फोटोकपी विल भुक्तानी :–** आर्थिक कार्यविधि नियमवली, २०६४ अनुसार सक्कल बिल भरपाईको आधारमा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। प्रा.स. श्री प्रयागदत्त भट्टले अन्य कार्यक्रममा खर्च भएको बिल भरपाईको फोटोकपी राखेर भुक्तानी लिएकोले असुल हुनुपर्दछ। ११,४५०।००

९०. **गो. भौ. नं. २००।२०७४।१०।२२**

**जिन्सी आम्दानी :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ मा खर्च गर्ने सामानहरु जिन्सी आम्दानी बाँधेरमात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। ना.प्रा.स. श्री अनुप चौधरीले पशु प्रजनन कार्यालय, नेपालगञ्ज, बाँकेबाट निम्न पशु स्वास्थ्य सम्वन्धी सामानहरु ल्याई खर्च गरेकोमा उक्त सामान आम्दानी नै नजनाएकोले खर्च यथार्थ हो भन्न सकिएन। दाखिला तथा वितरण नै नभएको सामानहरु सम्बन्धित कर्मचारीबाट असुल हुनुपर्दछ। १२,३९०।००

| क. सं. | सामानको नाम | रकम |
|---|---|---|
| १ | तरल नाइट्रोजन | १,०५०।०० |
| २ | जर्सि सिमेन | १,०००।०० |
| ३ | होलिस्टिन सिमेन | ५००।०० |
| ४ | मूर्रा सिमेन | १,०००।०० |
| ५ | उक्त सामान लिन जाँदा आउँदाको ना.प्रा.स. श्री अनुप चौधरीको भ्रमण भत्ता | ८,८४०।०० |
| | **जम्मा** | **१२,३९०।००** |

९१. **गो. भा. नं. ४३।२०७५।१।२३**

**भ्रमण आदेश :–** भ्रमण खर्च नियमावली, २०६४ नियम (३) मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण गर्न वा काजमा जान नहुँने व्यवस्था छ। सामाजिक परिचालक श्री अनुप चौधरी अन्य कार्यक्रम खर्च अन्तर्गत नाइट्रोजन र सिमेनको खरिद आदेश, दाखिला प्रतिवेदन, बिल तथा भ्रमण प्रतिवेदन समेत नरहेकोले उक्त अवधिमा भएको खर्च सम्बन्धित कर्मचारीबाट असुल गरी संचित कोषमा दाखिला हुनुपर्दछ। ३२,९००।००

९२. **गो. भौ. नं. ३०२।२०७४।१२।८**

**वितरण भपाइ :–** कृषि प्रशार कार्यान्वयन निर्देशिका, २०७४ अनुसार कृषि तथा पशुजन्य सामग्रीहरु उत्पादन र वितरण गर्दा नर्म्सको पालना गर्नुपर्ने व्यवस्था रहेको छ। नेपाल एग्रो ट्रेड एण्ड भेट सेन्टर, धनगढीबाट खरिद गरेको सुडान घाँसको विउ २००० के.जी. कार्यालयले आम्दानी नजनाएको र वितरण गरेको पनि नदेखिएकोले कार्यालयले छानबिन गरी सम्बन्धितलाई कारवाही गरी असुल गर्नुपर्दछ। २,४०,०००।००

**व.उ.शि.नं. वित्तीय समानीकरण अनुदान शिक्षातर्फ**

९३. गाउँपालिका अन्तर्गत माध्यमिक विद्यालय १८ र आधारभुत विद्यालय १४ समेत ३२ विद्यालयमा कार्यरत शिक्षकको दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु तथा विद्यालयगत निकासा खाता नराखेकोले निकासा यकिन गर्ने आधार देखिएन। विद्यालयहरुमा कार्यरत शिक्षकहरु दरवन्दी प्रमाणित हुने आधारभूत कागजातहरु राख्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

९३.१ **गो. भौ. नं. ५।२०७४।९।५ र ८।२०७५।२।१०**

**अवकासपछिको तलब :–** कार्यरत शिक्षकलाई हाजिर भएको दिनसम्मको तलब भत्ता भुक्तानी गर्न मिल्ने व्यवस्था छ। कार्यालयले अवकास भएका शिक्षकको पनि तलब निकासा दिएको देखिएकोले निम्नअनुसारको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ। ३,२२,५०३।०५

| सि. नं. | विद्यालयको नाम | शिक्षकको नाम | अवकास मिति | निकासा अवधि | बढी अवधि | बढी रकम |
|---|---|---|---|---|---|---|
| १ | श्री दुर्गा आ.वि., भीरकोट | श्री रत्न ब. बुढा | २०७५/३/५ | २०७५ असार मसान्त | २५ दिन | २६,२९८/७५ |
| २ | श्री अग्रसेन आ.वि., मोतीपुर | श्री रामेश्वर चौधरी | २०७४/७/२६ | २०७४ कार्तिक मसान्त | ४ दिन | ३,०८९/७० |
| ३ | श्री जनसेवा आ.वि., टेडुवा | श्री रामदिन चौधरी | २०७४/८/५ | २०७४ कार्तिक मसान्त | ३ महिना २५ दिन | १,१७,६६५/- |
| ४ | श्री महाकाली मा.वि., बेलौरी | श्री तुलाराम खरेल | २०७४/७/३० | २०७४ फागुन मसान्त | ४ महिना | १,७५,४४९/६० |

| | जम्मा | | | ३,२२,५०३/०५ |
|---|---|---|---|---|

९३.२ **<u>गो. भौ. नं. २।२०७४।५।२७</u>**

**<u>पोशाक भत्ता</u> :–** प्रत्येक वर्षको पोशाक भत्ता चैत्रको तलब भत्ता भुक्तानी गर्दा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। महाकाली माध्यमिक विद्यालय, बेलौरीका शिक्षकहरुलाई २०७४ चैत्र महिनामा भुक्तानी गर्नुपर्ने पोशाक भत्ता प्रथम चौमासिक र तेस्रो चौमासिकसमेत २ पटक निकासा दिएकोले दोहोरो खर्च भएको हुँदा असुल गर्नुपर्दछ। ८२,५००।००

| क्र. स. | तह | शिक्षक संख्या | रकम |
|---|---|---|---|
| १ | माध्यमिक तहका शिक्षकहरु | ५ जना | ३७,५००।०० |
| २ | निम्न माध्यमिक तहका शिक्षकहरु | ३ जना | २२,५००।०० |
| ३ | प्राथमिक तहका शिक्षकहरु | ३ जना | २२,५००।०० |
| | | **जम्मा** | **८२,५००।००** |

९३.३ **<u>गो. भौ. नं. २।२०७५।३।६</u>**

**<u>आईसिटी ल्याब</u> :–** विद्यालयमा आइसिटी ल्याव स्थापना गर्न आवश्यक पर्ने फर्निचर, कम्प्युटर, उपकरण, सफ्टवेयरलगायतका सामग्री खरिद गर्न विद्यालयलाई रकम उपलब्ध गराउनु पर्ने र अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप कार्यान्वयन गरे नगरेको अनुगमन गरी प्रतिवेदन लिनुपर्ने व्यवस्था छ। कार्यालयले नवयुग सामुदायिक अध्ययन केन्द्रलाई आई सि टी पूर्वाधार व्यवस्थापन गर्न रकम उपलब्ध गराएकोमा विद्यालयलाई दिएको निकासाको अनुगमन गरेको देखिएन। तसर्थ अनुदान सदुपयोग भएको यकिन गर्न नियमित अनुगमन गरी ल्याब स्थापना गरेको प्रमाण पेश गर्नुपर्दछ। २,००,०००।००

९३.४ **<u>पारिश्रमिक आयकर</u> :–** आयकर ऐन, २०५८ को दफा ४ बमोजिम कुनै आय वर्षमा बासिन्दा प्राकृतिक व्यक्तिको आय करयोग्य भएमा अनुसुची १ बमोजिम कर गणना गरी पारिश्रमिक आयकर तिर्नुपर्ने व्यवस्था छ। निम्न विद्यालयका शिक्षकहरुको वार्षिक पारिश्रमिक निम्नअनुसार आयकरयोग्य देखिएको छ। पारिश्रमिक आयकर दाखिला गरेको प्रमाण भए पेश नभएकोले असुल गरी राजस्व खातामा दाखिला हुनुपर्दछ। १,०५,५५५।००

| सि. नं. | शिक्षकको नाम | वार्षिक आय रकम | वार्षिक छुट पाउने रकम | कर योग्य रकम | कर रकम |
|---|---|---|---|---|---|
| १ | श्री मदन चन्द | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| २ | श्री सुरेन्द्र बोहरा | ४,५६,८६०/- | ४,००,०००/- | ३६,८६०/- | ५,५२९/- |
| ३ | श्री सुरेन्द्र प्रसाद भट्ट | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| ४ | श्री विमल चन्द | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| ५ | श्री चन्द्र प्रसाद पोखरेल | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| ६ | श्री दिपेन्द्र बिष्ट | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| ७ | श्री राम दत्त भट्ट | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| ८ | श्री रामेश्वर प्रसाद भट्ट | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| ९ | श्री नरेश पन्त | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| १० | श्री लक्ष्मण प्रसाद चौधरी | ४,५६,८६०/- | ४,००,०००/- | ५६,८६०/- | ८,५२९/- |
| ११ | श्री लक्षी चन्द | ५,३१,०२५/- | ४,४७,९१०/- | ८३,११५/- | १२,४६७/- |
| १२ | श्री वीरेन्द्र सिंह | ४,८६,५२६/- | ४,४३,८०२/- | ४२,७२४/- | ६,४०९/- |
| १३ | श्री रमेश सिंह भण्डारी | ४,७१,६९३/- | ४,४२,४३३/- | २९,२६०/- | ४,३८९/- |
| | **जम्मा** | - | - | - | **१,०५,५५५/-** |

९३.५ प्रत्येक विद्यालयहरुलाई छात्रवृति, पाठ्यपुस्तक, पि. सि. एफ. आदिको रकम फ्ल्यास रिपोर्टको आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था छ। फ्ल्यास रिपोर्ट पेश हुन नआएको हुँदा उक्त निकासा यकिन गर्ने आधार भएन।

९४. **<u>गो. भौ. नं. २८७।२०७५।३।७</u>**

**<u>बढी भत्ता</u> :–** कार्य सञ्चालन निर्देशिका, २०७३ अनुसार स्थानीय स्तरमा सञ्चालन हुने तालिम गोष्ठीको प्रशिक्षक भत्ता रु. ६००।०० र प्रतिवेदन लेखनको रु. १,०००।०० मात्र भुक्तानी पाउने व्यवस्था छ। अनलाईन व्यक्तिगत घटना दर्ता र महिला सशक्तिकरण कार्यक्रमको क. अ. श्री अशोक पाण्डेको पेश्की फछ्र्यौटको खर्च लेखेकोमा निम्न अनुसार देखिएको छ:

९४.१ प्रशिक्षक भत्ता रु. ३४००।०० का दरले २ जनालाई ६ कक्षाको रु. २०,४००।०० खर्च लेखेको देखिएकोले बढी खर्च लेखेको रकम असुल गर्नुपर्दछ। १२,६००।००

९४.२ प्रतिवेदन लेखनको रु. १,०००।०० खर्च लेख्नुपर्नेमा रु. ३,०००।०० खर्च लेखेकोले बढी खर्च लेखेको रु. २,०००।००, कार्यक्रम व्यवस्थापन रु. ५,०००।०० र कार्यक्रम

| | | |
|---|---|---|
| | संयोजक रु. ५,०००।०० गरी रु. १०,०००।०० खर्च लेखेकोमा उक्त निर्देशिका बमोजिम खर्च लेख्न पाउने आधार नदेखिएकोले असुल गर्नुपर्दछ । | १२,०००।०० |
| ९५. | **गो. भौ. नं. ४१६।२०७५।१।११** | |
| | वडास्तरीय जेष्ठ नागरिक सम्मान कार्यक्रम वडा नं. ७ को लागि रु. १,४३,७००।०० खर्च लेखेकोमा निम्न अनुसार देखिएको छ । | |
| | (१) जेष्ठ नागरिकको लागि नेपाल सरकारले सामाजिक सुरक्षा कार्यक्रमबाट मासिक भत्ताको व्यवस्था गरी रकम प्रदान गरिरहेकोमा वित्तीय समानीकरण पूँजीगत खर्च शीर्षकवाट यस्तो प्रकारको कार्यक्रम सञ्चालन गरी खर्च गर्न पाइदैंन। यस्तो कार्यक्रम नगरपालिकाले आन्तरिक श्रोतबाट सञ्चालन गर्नुपर्नेमा वित्तीय समानीकरण पूँजीगत खर्च शीर्षकवाट यस्तो प्रकारको खर्च लेखेको अनियमित देखिएको छ । | १,४३,७००।०० |
| | (२) उक्त सम्मान कार्यक्रममा प्रशिक्षण, सहजिकरण, प्रस्तावना लेखनको भत्ता पाउने आधारबेगर निम्न अनुसारको भत्ता खर्च लेखेकोले असुल हुनुपर्दछ रु. ११,०००।०० | |

| सि. नं. | पदाधिकारीको नाम | रकम |
|---|---|---|
| १ | श्री मंगल बहादुर शाही | ४,०००/- |
| २ | श्री बिर बहादुर ऐर | २,०००/- |
| ३ | श्री नर बहादुर बिष्ट | २,०००/- |
| ४ | श्री अशोक पाण्डे | ३,०००/- |
| | **जम्मा** | **११,०००/-** |

| | | |
|---|---|---|
| ९६. | **गो. भौ. नं. ४७१।२०७५।१।२६** | |
| | खिरिया राना टोलदेखि बुटाबारी मा. वि. जोडने सडक ग्राभेल गर्ने कार्यको नापी मूल्याङ्कन अनुसार जे. सि. बि. को बहाल कर रु. ६,०००।०० कट्टा गर्नुपर्नेमा नगरेकोले असुल गर्नुपर्दछ । | ६,०००।०० |
| ९७. | **गो. भौ. नं. ४७१।२०७५।१।२६** | |
| | दुर्गा मन्दिरदेखि उत्तर पिच जोडने सडक ग्राभेल तथा ह्युम पाईप कार्यको उपभोक्ता समिति र कार्यालयबीच सम्झौता रु. ६,८८,१४४।०० मा अनुदान रु. ५,८२,०००।०० भुक्तानी दिने गरी मिति २०७४।१०।१७ मा सम्झौता भएकोमा निम्न अनुसार देखिएको छ । | ३,०२,१७५।३६ |
| ९७.१ | उक्त कार्य गर्दा ६०० एम.एम. को ८ थान र ४५० एम. एम. को ४ थान गरी १२ थान ह्युम पाईप राख्ने गरी रु. २,०८,७२७।०४ भुक्तानी पाउने गरी सम्झौता भएकोमा उक्त कार्य भए गरेको देखिएन । | |
| ९७.२ | माटो कटान र पटान गर्ने कार्य सम्झौताअनुसार ३८८.८० घनमिटरको कार्य गर्नुपर्नेमा ११४२.४० घनमिटर ( सम्झौताभन्दा २९३.८३ प्रतिशत बढी ) कार्य गरेको रु. ९३,४४८।३२ भुक्तानी दिएको छ। सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ को नियम ११८ अनुसारको प्रक्रिया पुरा नगरी भुक्तानी दिएको देखिएकोले सम्वन्धित कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |
| ९८. | **विवरण पेश नभएको :–** श्रीपुर खानेपानी उपभोक्ता तथा सरसफाई समिति, बेलौरीलाई रु. १,००,००००।०० अनुदान दिइएकोमा उपभोक्ता समितिले विभिन्न साइजको पाइप फिटिङ्गस खरिद गरेको विल पेश गरेको छ। उक्त सामानहरु जिन्सी दाखिला गरेको र प्रयोग भएको विवरण समेत पेश हुनुपर्दछ । | १,००,०००।०० |
| ९९. | **गो. भौ. नं. ५०७।२०७५।२।१** | |
| | **दाखिला प्रमाण :–** श्री राधास्वामी सत्संग व्यास नेपाल, बलौरी वडा नं ८ कलकत्तालाई निम्न सामान खरिद गरेको रकम भुक्तानी दिएकोमा उक्त सामान जिन्सी दाखिला र हस्तान्तरण भएको प्रमाण पेश हुनुपर्दछ । | ३५,०००।०० |

| क्र.स. | समानको नाम | थान | रकम |
|---|---|---|---|
| १ | स्टील दराज | १ | ७,०००।०० |
| २ | सोफा सेट | १ | २८,२५०।०० |
| | **जम्मा** | | **३५,२५०।००** |

| | | |
|---|---|---|
| | **व.उ.शी.नं. सशर्त अनुदान महिला तर्फ** | |
| १००. | **गो. भौ. नं. ८१।२०७४।८।२८** | |
| | **यातायात खर्च :–** भ्रमण खर्च नियमावली, २०६४ नियम ७ (३) मा वस वा अन्य सार्वजनिक यातायातको सुविधा प्राप्त हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटिइ जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भ्रमण | |

खर्च र दैनिक भत्ताको २५ प्रतिशत खाजा खर्च मात्र पाइने व्यवस्था छ । स्थानीय जनप्रतिनिधि, वडा सचिव, सरोकारवालालाई ३ दिने लैङगिक मुल प्रवाहिकरण तालिम बेलौरीमा संचालन गरेकोमा पनि नपाउने यातायात भत्ता निम्न पदाधिकारी तथा कर्मचारीलाई भुक्तानी दिएको असुल हुनुपर्दछ । ६०,०००।००

| क्र. स. | पद | नाम थर | रकम |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री पोतीलाल चौधरी | १,५०० |
| २ | नगर उप प्रमुख | श्री चित्रकुमारी चौधरी | १,५०० |
| ३ | वडा अध्यक्ष वडा नं. १ | श्री रतन बहादर शाही | १,५०० |
| ४ | वडा अध्यक्ष वडा नं. ३ | श्री नेत्रराज गिरी | १,५०० |
| ५ | वडा अध्यक्ष वडा नं. ४ | श्री अर्जुन ढकाल | १,५०० |
| ६ | वडा अध्यक्ष वडा नं. ५ | श्री साइतु कुमार चौधरी | १,५०० |
| ७ | वडा अध्यक्ष वडा नं. ९ | श्री शम्सेर सिँह पेला | १,५०० |
| ८ | वडा अध्यक्ष वडा नं. १० | श्री हरिलाल चौधरी | १,५०० |
| ९ | वडा १० नं सदस्य | श्री विनोद नेपाली | १,५०० |
| १० | वडा १० नं सदस्य | श्री हस्तबहादुर वि.क | १,५०० |
| ११ | वडा १० नं सदस्य | श्री धनबहादुर सार्की | १,५०० |
| १२ | वडा १० नं सदस्य | श्री असिनाकुमारी कार्की | १,५०० |
| १३ | वडा १० नं सदस्य | श्री कमली चौधरी | १,५०० |
| १४ | वडा १० नं सदस्य | श्री राम दुलारी गिरी | १,५०० |
| १५ | वडा १० नं सदस्य | श्री देवीसरा कामी | १,५०० |
| १६ | वडा १० नं सदस्य | श्री तुलसी श्रेष्ठ (राना मगर ) | १,५०० |
| १७ | वडा सचिव ४र ५ | श्री लेखक राम चौधरी | १,५०० |
| १८ | वडा सचिव ६र ७ | श्री नरबहादुर विष्ट | १,५०० |
| १९ | वडा सचिव ८,९,१० | श्री नारायण राना | १,५०० |
| २० | वडा सचिव १,२ र ३ | श्री श्याम कुमार राना | १,५०० |
| २१ | न्यायिक समिति सदस्य | श्री शिवराज राना | १,५०० |
| २२ | पशु चिकित्सक | श्री प्रयाग दत्त भट्ट | १,५०० |
| २३ | शाखा प्रमुख | श्री रणबहादुर मल्ल | १,५०० |
| २४ | हे.अ. | श्री नन्दलाल राना | १,५०० |
| २५ | प्र.स.नि. | श्री खगेन्द्रराज भाट | १,५०० |
| २६ | प्र.ज. | श्री कमला धामी | १,५०० |
| २७ | समाचार प्रमुख | श्री चन्द्रीका चौधरी | १,५०० |
| २८ | अ.न.मि | श्री राधिका भट्ट | १,५०० |
| २९ | अ.न.मि. | श्री आशारामी चौधरी | १,५०० |
| ३० | संयोजक | श्री ईन्द्रा राना | १,५०० |
| ३१ | सा.प. | श्री अशोक चौधरी | १,५०० |
| ३२ | स.क | श्री हरिकिशन राना | १,५०० |
| ३३ | क.अ. | श्री अशोक पाण्डे | १,५०० |
| ३४ | सि.अ.न.मि. | श्री जमुना थपलीया | १,५०० |
| ३५ | ले.पा. | श्री वीरबहादुर ऐर | १,५०० |
| ३६ | ना.सु. | श्री राधा तिमल्सेना | १,५०० |
| ३७ | रेडियो प्रमुख | श्री हरिशचन्द्र बाग | १,५०० |
| ३८ | रेडियो अध्यक्ष | श्री नामदेउ शर्मा | १,५०० |
| ३९ | रेडियो उपाध्यक्ष | श्री हरिसिंह विष्ट | १,५०० |
| ४० | वडा अध्यक्ष वडा नं ७ | श्री प्रकाश श्रेष्ठ | १,५०० |
| | | **जम्मा** | **६०,०००** |

१०१. **<u>बीउ पूँजी</u> :–** चालुकोष विउ पूँजी संचालन निर्देशिका, २०६३ अनुसार बेलौरी नगरपालिकाको कार्यालयको क्षेत्राधिकार अन्तर्गत साविक महिला बालवालिका कार्यालयद्धारा सञ्चालित बिउ पूँजी कोषको सम्बन्धमा कार्यालयले खोजविन गरी विवरण अद्यावधिक गर्नुपर्दछ ।

१०२. **गो.भौ.नं ६५४।२०७५।२।२१**

**सञ्चार सुविधा :–** तोकिएको पारिश्रमिकबाहेक थप सुविधा दिँदा अर्थ मन्त्रालयको सहमति लिनुपर्ने व्यवस्था छ । कार्यालयले सुविधा उपलब्ध गराउन मिल्ने आधारबेगर महिला विकास निरीक्षक श्री सुनिताकुमारी भट्टलाई प्रत्येक महिना सञ्चार सुविधाबापत मोबाइल रिचार्जको खर्च भुक्तानी गरेकोले असुल गर्नुपर्दछ । ६,०५०।००

**व.उ.शी.नं. सशर्त अनुदान स्वास्थ्य तर्फ**

१०३. लक्ष्मीपुर स्वास्थ्य चौकीको औषधिको जिन्सी खाता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छ :–

१०३.१ स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसारको Authorized Stock Level र Emergency Order Point अनुसारको औषधिहरु स्टक खुलाई राख्नुपर्नेमा सो अनुसार खुलाई राखेको र Emergency Order Point भएपछि औषधिहरु माग गर्नुपर्नेमा सो

अनुसार भए गरेको देखिएन । स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसार गर्न गराउन कार्यालयले ध्यान दिनुपर्दछ । परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन ।

| सि.नं. | औषधीको नाम | कैफियत देखिएका व्यहोराहरु |
|---|---|---|
| १. | जीवन जल | मिति २०७५।५।२० मा जम्मा ५० वटामात्र मौज्दात रहेको छ । |
| २. | एमोक्सिसिलिन ५०० एम जि | मिति २०७५।४।१ देखि २०७५।४।२० सम्म, २०७५।६।५ देखि २०७५।७।१५ सम्म, २०७५।७।२० देखि २०७५।८।२२ सम्म र २०७५।८।२३ देखि लेखापरीक्षण अवधि २०७५।९।१२ सम्म शुन्य मौज्दात रहेको । |
| ३. | फुरसेमाईड ४० एम जि | मिति २०७५।४।१ देखि लेखापरीक्षण अवधि २०७५।९।१२ सम्म शुन्य मौज्दात रहेको । |
| ४. | ब्रुफिन ४०० एम जि | मिति २०७५।७।२० देखि लेखापरीक्षण अवधि २०७५।९।१२ सम्म शुन्य मौज्दात रहेको । |
| ५. | मेट्रोनिडाजोल २०० एम जि | मिति २०७५।४।१ देखि लेखापरीक्षण अवधि २०७५।९।१२ सम्म शुन्य मौज्दात रहेको । |
| ६. | पारासिटामोल ५०० एम जि | मिति २०७५।६।२० देखि २०७५।७।१५ सम्म शुन्य मौज्दात रहेको । |
| ७. | रानीटिडिन १५० एम जि | मिति २०७५।६।२० देखि लेखापरीक्षण अवधि २०७५।९।१२ सम्म शुन्य मौज्दात रहेको । |
| ८. | सि टि जेड | मिति २०७५।४।१ देखि लेखापरीक्षण अवधि २०७५।९।१२ सम्म शुन्य मौज्दात रहेको । |
| ९. | एटेनोलोल ५० एम जि | मिति २०७५।४।१ देखि लेखापरीक्षण अवधि २०७५।९।१२ सम्म शुन्य मौज्दात रहेको । |

१०३.२ **औषधिको म्याद नाघेको :–** नेपाल सरकारबाट निःशुल्क वितरणको लागि प्राप्त औषधिहरु तोकिएको म्यादभित्र नै वितरण गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा स्वास्थ्य चौकी, लक्ष्मीपुरको स्थलगत निरीक्षण गर्दा एटेनोलोल ५० एम जि को म्याद नाघेको भेटिएको छ । नेपाल सरकारबाट निःशुल्क वितरण गर्न प्राप्त औषधिहरु म्याद नघाई खेर फाल्नु उपयुक्त देखिएन ।

१०३.३ श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्रको औषधिको जिन्सी खाता परीक्षण गर्दा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन् :–

१०३.३.१ स्वास्थ्य सेवा विभागले तोकिदिएअनुसारको Authorized Stock Level र Emergency Order Point अनुसारको औषधिहरु स्टक खुलाई राख्नुपर्नेमा सो अनुसार राखेको देखिएन । परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नअनुसार छन् :–

| सि.नं. | औषधीको नाम | कैफियत देखिएका व्यहोराहरु |
|---|---|---|
| १. | एमोक्सिसिलिन ५०० एम जि | मिति २०७४।१२।४ देखि २०७५।१।६ सम्म, २०७५।२।१६ देखि २०७५।३।५ सम्म शुन्य मौज्दात रहेको । |
| ३. | एजिथ्रोमाईसिन ५०० एम जि | मिति २०७४।१२।२२ देखि २०७५।२।६ सम्म, २०७५।३।४ देखि २०७५।४।१४ सम्म शुन्य मौज्दात रहेको । |
| ४. | सिक्लोफ्लोक्सासिन ५०० एम जि | मिति २०७४।९।३० देखि २०७४।१०।२३ सम्म, २०७४।१२।७ देखि २०७४।१२।२२ सम्म शुन्य मौज्दात रहेको । |
| ५. | क्लोक्सासिन ५०० एम जि | मिति २०७४।९।३० देखि लेखापरीक्षण अवधि २०७५।९।१३ सम्म शुन्य मौज्दात रहेको । |
| ६. | डेक्लोफिनेट १०० एम जि | मिति २०७४।१०।२२ देखि २०७५।३।३१ सम्म शुन्य मौज्दात रहेको । |
| ७. | आईरन चक्की ४० एम सि जि | मिति २०७४।९।३० देखि २०७४।१०।२३ सम्म शुन्य मौज्दात रहेको । |
| ८. | भिटामिन बि कम्प्लेक्स | मिति २०७४।९।३० देखि २०७४।१२।२२ सम्म शुन्य मौज्दात रहेको । |

१०३.३.२ आर्थिक वर्ष २०७५।७६ को औषधिको जिन्सी खाता स्वास्थ्य सेवा विभागले तोकिदिएको खाता अनुसारको राखेको देखिन आएन ।

१०४. **बढी भुक्तानी :–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई संझौता गरेको रकमसम्म मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समितिमार्फत गराएको निम्न निर्माण कार्यको भुक्तानी गर्दा संझौता रकमभन्दा बढी भुक्तानी भएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्दछ । ८२,४५०।००

| गो.भा.नं. र मिति | योजनाको नाम | भुक्तानी दिएको रकम | संझौता अनुसार भुक्तानी दिनुपर्ने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|
| | **व.उ.शि.नं.( सशर्त अनुदान पूँजीगत तर्फ )** | | | |
| ५२९/२०७५/२/६ | जनज्योती मा. वि. को पर्खाल निर्माण | ४,२१,९५०/- | ३,८८,०००/- | ३३,९५०/- |
| ५२५/२०७५/२/२ | बिर्छा रानाको घरदेखि पूर्व टेकराज अवस्थीको घरसम्म सडक ग्राभेल | २,४२,५००/- | १,९४,०००/- | ४८,५००/- |
| | **जम्मा** | **६,६४,४५०/-** | **५,८२,०००/-** | **८२,४५०/-** |

१०५. **पेश्की :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७७ को उप नियम (३) मा उपनियम (२) बमोजिम दिएको पेश्की रकम तोकिएको म्यादभित्र फछ्र्यौट गर्नुपर्ने

व्यवस्था छ। आर्थिक वर्षको अन्त्यसम्ममा पनि फछ्र्यौट हुन निम्न कार्यक्रमको पेश्की नियमानुसार फछ्र्यौट हुनुपर्दछ। ३,००,०००।००

| सि. नं. | पेश्की दिएको मिति | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| | | **व.उ.शि.नं. वित्तीय समानिकरण** | |
| १ | २०७४/१२/६ | श्रीपुर प्राथमिक स्वास्थ्य केन्द्र, बेलौरी | ३,००,०००/- |

१०६. **गो.भौ.नं. ५५४।२०७५।२।८**

**इन्धन खर्च :–** कार्यालयका सवारीसाधन वा अन्य साधनमा इन्धन प्रयोग गर्दा लगबुक भर्नुपर्ने व्यवस्था रहेको छ। महाशक्ति आयल स्टोर्सबाट खरिद गरेको पेट्रोल ५४३ लिटर र डिजेल २३९६ लिटरको रु. २,७७,३५३।०९ भुक्तानी गरेकोमा उक्त ईन्धन प्रयोगको लगबुक पेश नभएकोले लगबुक पेश हुनुपर्दछ। २,७७,३५३।०९

१०७. **बिउ वितरण :–** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। धानको बिउ खरिद गरी खर्च लेखेकोमा वितरण गरेको धानको बिउको उमार शक्ति परीक्षणको प्रमाण र किसानलाई वितरण गरेको भरपाई पेश हुनुपर्दछ। ५,६४,४००।००

| गो. भा. नं. र मिति | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ५९३।२०७५।२।२१ | ना. प्रा. स. श्री सुर्दशन प्रसाद ओभा | ५,००,०००।०० | धानको बिउ ११,८४० के. जी. |
| ५८७।२०७५।२।११ | एम. आर. एग्रो फर्म | ६४,४००।०० | धानको बिउ २,८०० के. जी. |
| | जम्मा | ५,६४,४००।०० | |

**आन्तरिक कोष चालूतर्फ**

१०८. **कर्मचारी सुविधा :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा स्थानीय सेवाको शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुनबमोजिम हुने तथा दफा ८८ मा स्थानीय सेवाका कर्मचारीको शुरु तलब स्केल प्रदेश सरकारले तोकेबमोजिम हुने र त्यसरी प्रदेश सरकारले नतोकेसम्म नेपाल सरकारले तोकेबमोजिम हुने व्यवस्था छ। नगरपालिकामा कार्यरत कर्मचारीलाई मासिक तलबमा भत्तासमेत निश्चित प्रतिशतले आन्तरिक कोषको चालू शीर्षकबाट भुक्तानी गर्ने गरेको पाइएकोले उक्त सुविधा संघीय कानुनको सिद्धान्त र मापदण्ड अनुकुल नदेखिएकोले २०७४।७५ मा गरेको उक्त खर्च अनियमित देखिएको छ। १०७६०१६।००

१०९. **आन्तरिक लेखापरीक्षण :–** आर्थिक कार्यविधि नियमावलीको नियम ९६.३ मा आन्तरिक लेखापरीक्षणबाट निस्केको बेरुजू अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाडिनै नियमित गराउनुपर्नेमा नियमित गराई वा प्रमाण पेश गर्नुपर्नेमा प्रमाण पेश गरी वा असुल उपर गर्नुपर्नेमा असुल उपर गरी बेरुजू लगत कट्टा गराउनुपर्ने प्रावधान छ। कार्यालयले आन्तरिक लेखापरीक्षणबाट कायम भएको देहायका बेरुजु लेखापरीक्षणको अवधीसम्म असुल फछ्र्यौट गरेको नदेखिएकोले असुल फछ्र्यौट गर्नुपर्दछ। ४,४१६।००

१०९.१ प्रकाश इलेक्ट्रोनिक्स एण्ड इलेक्ट्रीकल्सबाट रु. २९,४४०।० को सामान खरिदको भुक्तानी भएकोमा मुल्य अभिबृद्धि कर संलग्न नगरी विल जारी भएकोले आयकर ऐन, २०५८ अनुसार १५ प्रतिशत कट्टा गरी भुक्तानी गर्नुपर्नेमा कर छुट हुन गएको रकम असुल गरि दाखिला हुनुपर्ने रु. ४४१६।-

११०. **वित्तीय जवाफदेहिता :–** कार्यालयको आन्तरिक व्यवस्थापन, खरिद व्यवस्थापन, वित्तीय व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीलगायत विषयमा तयार गरिएको वित्तीय जवाफदेहिता सुचकका आधारमा मुल्यांकन गर्दा यो नगरपालिका “सी” ग्रेडिङ्गमा परेकोले वित्तीय जवाफदेहिता प्रर्वद्धन गर्न विशेष ध्यान दिनुपर्ने देखिएको छ।

१११. **बेरुजू :–** नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. १ करोड ५ लाख ९७ हजार, अनियमित बेरुजू रु. २ करोड ८२ लाख ६३ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ५ करोड ४८ लाख ६१ हजार र पेश्की बाँकी देखिएको रु. ३ लाखसमेत रु. ९ करोड ४० लाख ३५ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन भई रु. ४४ करोड ४४ लाख ९३ हजार फछ्र्यौट भई रु. ४ करोड ९५ लाख ४२ हजार बेरुजू कायम भएको छ।

११२. **अनुगमन तथा मूल्याङ्कन :–** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा कार्यालयवाट पेश भएको विवरण अनुसार निम्न अनुसारको बेरुजु फछ्र्यौट गरेको जनाएको छ। उक्त फछ्र्यौट गरेको बेरुजु सम्परीक्षणको लागि पेश भएको छैन।

| गत वर्षको बेरुजु रकम (द्व) | यो वर्ष फछ्र्यौट (द्य) | बाँकी (ऋ द्व.द्य) |
|---|---|---|
| ९०,५४,०००/- | ० | ९०,५४,०००/- |

११३. **अद्यावधिक बेरुजु स्थिति :–** बेलौरी नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (अ) | यो वर्षको सं प.बाट कायम बेरुजु (ऌ) | यो वर्षको कायम बेरुजु (ॡ) | बाँकी (ङ ऋॡ) |
|---|---|---|---|
| ९०,५४,०००/- | - | ४,९५,४२,२४४/३० | ५,८५,९६,२४४/३० |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण रकम असुल फछ्र्यौट गरिनुपर्दछ ।

अनुसूची– १

# बेलौरी नगरपालिकाको बेरुजू वर्गीकरण
## २०७४।७५

(रु.हजारमा)

| थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | |
| | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| लौरी नगरपालिका | ६१ | ६३ | ९४०३५ | - | २ | ४४४९३ | ६१ | ६१ | ४९५४२ | १०५९७ | २८२६२ | १०३८३ | - | - | ४९२४२ | |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | बेलौरी नगरपालिका | कञ्चनपुर | ६१६१७ | ३७८१४९ | ५८४१० | २४७५४ | ४६१३१३ | २११४४४ | २४१२६८ | ४१४१ | ४५६८५३ | ६६०७७ |